# बालसहभागिता निर्देशिका
## (Child Participation Guide Book)

नेपाल सरकार
महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय
केन्द्रिय बाल कल्याण समिति
पुल्चोक, ललितपुर ।

# प्रकाशकीय

बालसहभागिता बालबालिकाको आधारभूत अधिकार हो । बालअधिकारहरूको अभ्यासका क्रममा बालसहभागिताको बहुपक्षीय सम्बन्ध हुन्छ । बालसहभागिताको अभ्यास राम्ररी हुन सकेका खण्डमा अरू बालअधिकारको पनि सार्थक प्रचलन हुन सक्तछ भन्ने मानिएको छ । यसैले केन्द्रीय बाल कल्याण समितिले बालसहभागितालाई विशेष महत्व दिदै आएको छ । यस्तै, संयुक्त राष्ट्र संघीय बालअधिकार समितिले आफ्ना सिफारिसहरूमा पनि बालसहभागिता प्रवर्द्धनका उपायमा बढी ध्यान दिन सिफारिस गरेको छ । यसैले बालसहभागिताका विभिन्न अभ्यास र पक्षमा निर्देशिका तयार गर्नुपर्ने ठानेर यो निर्देशिका तयार गरिएको हो । यसबाट बालसहभागिताको अभ्यास गर्न चाहनेहरूका लागि केही सहयोग पुग्ने विश्वास लिइएको छ ।

बालबालिकालाई लोकतान्त्रिक प्रक्रियामा अभ्यास गराउनका लागि निर्देशिकाको परिशिष्ठका रूपमा संस्था चलाउने विधि र प्रक्रिया पनि समावेश गरिएको छ । बालबालिकाले त्यस्ता सबै विधि र प्रक्रिया अनुसरण गर्नैपर्छ भनेर त्यसलाई समावेश गरिएको हैन । ती कार्यविधि बालबालिकाले आफ्नो सुविधा हेरेर आंशिक रूपमा वा पूरै अपनाउन सक्तछन् । यसैले प्रस्तुत निर्देशिकालाई कानुनी लिखतका रूपमा नभएर बालसहभागिताको परिचायक पुस्तिकाका रूपमा लिनु उपयुक्त हुनेछ ।

यस निर्देशिकाको मस्यौदाको परिमार्जनमा बालबालिकाहरू सहभागी भएका छन् । निर्देशिकालाई अन्तिम रूप दिँदा उनीहरूको धारणा र सुझावलाई निर्णायक बनाउने प्रयास गरिएको छ ।

बालअधिकारको व्यवस्था बालबालिकाको सर्वोत्तम हितका लागि भएको हो । बालसहभागिता पनि बालबालिकाको सर्वोत्तम हितका लागि नै हुनुपर्छ भन्नेमा विवाद छैन । तैपनि बालसहभागिताका नाममा भएका कतिपय अभ्यासमा बालबालिकालाई प्रयोग र परिचालन गरिएको तथा उनीहरूको हितलाई प्राथमिकता नदिइएको पनि देखिन्छ । यस्तै बालसहभागिताका अभ्यासमा सहभागी बालबालिका स्वयं पनि बालापनको रक्षाभन्दा अरू नै कार्यसूचीमा सक्रिय भएको पनि देखिएको छ । प्रस्तुत निर्देशिकाबाट यस्ता विषयहरूमा केही हदसम्म स्पष्ट हुन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

बालसहभागिताजस्तो अपेक्षाकृत नौलो र जटिल विषयमा निर्देशिका तयारीको जिम्मा लिएर गोविन्दप्रसाद अधिकारीले केन्द्रीय बाल कल्याण समितिलाई गुन लगाउनुभएको छ । विभिन्न समयमा छलफलमा आएका सल्लाहसुझावहरूलाई झिजो नमानी तत्परतापूर्वक ग्रहण गरी पटकपटक मस्यौदामा संशोधन र परिमार्जन गर्नुभएकोमा उहाँलाई धन्यवाद छ । यस निर्देशिका तयारीका लागि सहयोग जुटाउने सबै संघसंस्था र चितवनको कार्यशालामा सहभागी बालबालिकाका साथै प्लान नेपाललाई पनि धन्यवाद छ ।

प्रस्तुत निर्देशिकाको तयारीमा केन्द्रीय बाल कल्याण समितिका कार्यकारी निर्देशक दीपकराज सापकोटाको विषय चयनदेखि सामग्री सम्पादनसम्ममा उल्लेखनीय योगदान रहेको छ । यसैगरी विषय विज्ञका रूपमा बालन्यायसम्बन्धी टिमलिडर शिवप्रसाद पौडेलले प्रस्तुति र अध्ययन सामग्री चयनमा विशेष सहयोग गर्नुभएको छ ।

**केन्द्रीय बाल कल्याण समिति**
**२९ भदौ २०६३**

# विषय - सुची

विषय-प्रवेश .................................................................. ४

बालअधिकारका सन्दर्भमा बालसहभागिता ..................................................७

बालसहभागिताको अर्थ.......................................................... १०

बालसहभागिता : थरीथरीका.......................................................११

बालसहभागिताका बाधक र सहयोगी तत्वहरू ............................................ १४

बालसहभागिता कसरी ? ......................................................... १८

बालसहभागिता प्रवर्धन : के गर्ने के नगर्ने............................................. २१

परिशिष्ट ................................................................... २७

सन्दर्भ-सामग्रीसुची............................................................ ४१

# विषय-प्रवेश

## बालसहभागिताका अभ्यासहरू

विगत केही वर्षदेखि विद्यालय वा समुदायमा आधारित बालक्लबहरूमार्फत बालबालिका विभिन्न गतिविधिमा सहभागी हुने गरेका छन् । बालबालिकाका यस्ता संस्थाहरूलाई कानुनी मान्यता दिन सर्वोच्च अदालतले सरकारका नाममा आदेशसमेत दिइसकेको छ । बालक्लबहरूलाई वैधानिक रूप दिन आवश्यक स्पष्ट र पारदर्शी प्रशासनिक कार्यविधि भने अझै बनिसकेको छैन । सामाजिक संघसंस्था दर्ता ऐनअन्तर्गत बालक्लब दर्ता गर्ने अभ्यास पनि भएको छ भने जिल्ला बाल कल्याण समितिमा पनि बालक्लबहरू दर्ता गर्ने गरिएको छ ।

समुदायमा आधारित बालक्लबहरू विशेषगरी विषयगत प्रकृतिका रहेका छन् । श्रमिक बालबालिकाको बालक्लब, खानेपानी र सरसफाइका क्षेत्रमा काम गर्ने बालक्लब आदि केही यसका उदाहरण हुन् । सूचना प्रविधिजस्ता विशेष विषयमा केन्द्रित बालक्लबहरू पनि सञ्चालन हुन थालेको पाइन्छ ।

यसैगरी विद्यालयस्तरमा पनि विषय विशेषमा केन्द्रित बालक्लबहरू सञ्चालित भइरहेका छन् । विद्यालयमा सञ्चालित बालक्लबहरू पनि समुदायमा आधारित जस्तै विभिन्न विषयमा क्रियाशील रहेका छन् । देशभरमा २०६३ साल असारसम्ममा बालक्लबहरूलगायत बालबालिकाका संस्थाहरूको संख्या करिब ९ हजार रहेको अनुमान गरिएको छ । यस्ता क्लबहरूमा सहभागी  बालिकाहरूको संख्या पनि उल्लेख्य रहने गरेको छ । एक तथ्यांकका अनुसार बालबालिकाको संस्थामा सहभागी २ लाख २९ हजार ७४ बालबालिकामा बालिकाहरू ९८ हजार २ सय ७७ रहेका छन् भने बालकहरूको संख्या १ लाख ३० हजार ७ सय ९७ रहेको छ ।

बालक्लबहरूमा बालसहभागिताको अभ्यासमा एकरूपता भने छैन । अधिकांश बालक्लबहरू बालबालिकाका क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको अग्रसरतामा खोलिएका देखिन्छन् । बालबालिकाका क्षेत्रमा केन्द्रित नभएका संस्थाहरूले पनि बालसहभागितालाई परियोजनाको एउटा अंगका रूपमा समावेश गरेर बालबालिकालाई परिचालन गर्ने गरेको उदाहरण पाइन्छ । बालसहभागिताका नाममा बचत समूहहरूको पनि सञ्चालन गरिएको छ । केही जिल्लामा बालक्लबहरूको जिल्लास्तरीय सञ्जाल गठन गरिएका छन् । त्यस्ता सञ्जालहरूको ध्यान बालसहभागितामा भन्दा पनि सञ्जालको व्यवस्थापन र संयोजनमा बढी गएको देखिएको छ । बालक्लबहरूले वयस्कहरूद्वारा सञ्चालित गैरसरकारी संस्थासरह नै परियोजना बनाउने र सञ्चालन गर्ने गरेको पनि उदाहरण पाइन्छ ।

समग्रमा अहिलेका बालसहभागिताको आदर्श नमुना भनेर किटान गर्न सकिने कुनै अभ्यास र उदाहरण नभए पनि विकास र शासनमा बालसहभागिताको अभ्यास बढ्दै गएको छ । बालबालिकालाई शासन पद्धति परिचित गराउनका लागि बाल संसद्जस्तो अभ्यास पनि गराउन थालिएको छ । यसैगरी जिल्ला बाल कल्याण समितिलगायतका केही निकायहरूमा बालप्रतिनिधित्व गराउने अभ्यास पनि सुरु भएको छ ।

सकेसम्म सरल र बालसहज प्रक्रियाको विकास गरेर बालसहभागिता प्रवर्धन गर्न सकिने देखिन्छ । यसका लागि स्थानीय निकायहरूमा बालअधिकारको ज्ञान र प्रवर्धन गर्ने प्रतिबद्धताको विकास आवश्यक छ । यस्तै बालअधिकार विशेषगरी बालविकास र संरक्षणका क्षेत्रका कार्यरत संस्थाहरूले बालसहभागितालाई आफ्नो कार्यक्रममा अभिन्न प्रक्रियाका रूपमा समावेश गर्नुपर्ने देखिन्छ । अहिले भएका अभ्यासहरूमा सामान्यतः घटना वा विषय विशेषमा बालसहभागिता जुटाउने वा बालबालिका सहभागी भएको देखाउने पटके प्रकारको (Tokenist) प्रवृत्ति देखिएको छ । यसरी बालबालिकालाई परिचालन गर्दा उनीहरूको आफ्ना अधिकार प्रयोग गर्ने शक्ति कम हुन्छ ।

## आवश्यकता र औचित्य

बालअधिकार महासन्धि (१९८९) ले बालबालिकाप्रतिको परम्परागत धारणा र दृष्टिकोणमा परिवर्तन ल्याएको छ । महासन्धिले पहिले आमाबाबु वा राज्यका सम्पत्ति मानिने बालबालिकालाई अधिकारवाला नागरिकका रूपमा स्थापित गरेको छ । महासन्धिमा बालअधिकारका रूपमा केही हकहरू स्पष्ट किटान गरिएका छन् । यस्ता अधिकारहरूमध्ये बालसहभागिता मुख्य अधिकारमा पर्दछ । बालअधिकारका क्षेत्रमा कार्य गर्ने संघसंस्था र

कार्यकर्ताहरू तथा बालअधिकारको रक्षा र प्रवर्धनमा सक्रिय बालबालिबालिकाको प्रयासमा नेपालमा पनि बालसहभागिताको अभ्यास संस्थागत र व्यवस्थित हुन थालेको छ ।

बालसहभागिताका नाममा देशभर विभिन्न प्रकारका अभ्यासहरू हुने गरेका छन् । बालअधिकारका क्षेत्रमा काम गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूद्वारा आफ्ना कार्यक्रममा एउटा अंश वा अंगका रूपमा समावेश गरिने बालसहभागिताको प्रक्रियादेखि बालबालिकालाई आफ्नो उद्देश्यमा परिचालन गर्ने कार्यलाई पनि बालसहभागिताको नाम दिने गरिएको छ । बालसहभागिताका नाममा भएका धेरैजसो अभ्यासमा बालबालिका आफैंले निर्णय गर्न नपाउने र उनीहरू बाहिरका कसैको आदेशमा खटाइने गरेको देखिएको छ । यस्तै सहभागिताका नाममा बालबालिकालाई कार्यक्रमहरूमा वा बैठकहरूमा उपस्थित गराएर प्रदर्शनको वस्तु बनाउने प्रचलन पनि बढ्न थालेको छ । यस्ता क्रियाकलाप र प्रचलनले न त बालसहभागिता बढ्छ न उनीहरूको सर्वोत्तम हितले प्राथमिकता नै पाउँछ । यस्तै बालबालिकाको संगठित हुने अधिकारका सम्बन्धमा पनि प्रशासनिक क्षेत्रबाट उत्पन्न गरिएको बाधाअवरोध कायमै छ । देशमा खुलेका हजारौं बालबालिकाका संगठनहरूको संरचनालाई विधिवत् संस्थाको स्वरूप र मान्यता दिने काम हुन सकेको छैन । सर्वोच्च अदालतले (तिलोत्तम पौडेलविरुद्ध सरकार भएको मुद्दामा) जारी गरेको परमादेशलाई मार्गनिर्देशक बनाउने कार्य सरकारबाट हुन सकेन । बालबालिकाको शारीरिक वा मानसिक अवस्थामा हानि पुग्ने प्रकारका अभ्यासमा बलपूर्वक उपस्थित गराएर पनि बालसहभागिताको नाम दिने गरिएको छ ।

यिनै कारणहरूले बालसहभागिताका नाममा हुने अभ्यासहरूलाई अझ व्यवस्थित बनाएर बालसहभागिताको अधिकारको निर्बाध उपभोग गर्ने अवस्था सिर्जना गर्नु अति आवश्यक देखिएको छ । संयुक्त राष्ट्र संघीय बाल अधिकार समितिमा प्रस्तुत नेपालको राष्ट्रिय प्रतिवेदनमा गरिएको समापन टिप्पणीहरूमा पनि बालसहभागितालाई प्रबर्द्धन गर्न सिफारिस गरिएको छ ।

बालसहभागिताको अभ्यासका क्रममा बालबालिकाको हितलाई सबैभन्दा बढी प्राथमिकता दिइने सुनिश्चित गर्न अत्यावश्यक भइसकेको छ । यस्तो सहभागिताका क्रममा बालबालिकाका शैक्षिक विकासका साथै शारीरिक–मानसिक स्वास्थ्य र सामाजिक सम्मानमा कुनै पनि दुष्प्रभाव पर्न दिनुहुँदैन । यस्तै बालसहभागिताका नाममा बालबालिकाको प्रयोग जोखिमी र बालहितविपरीतका कार्यमा पनि हुने गरेको पाइन्छ । बालहित नहुने कुनै पनि कामलाई बालसहभागिता भन्न मिल्दैन । धेरैजसो यस्ता कार्यहरूमा बालबालिकालाई जबर्जस्ती लगाउने गरिएको हुन्छ । उनीहरूको मन्जुरी नै भए पनि त्यो पर्याप्त र उपयुक्त सूचनामा आधारित हुदैन । बालबालिका स्वेच्छाले समेत जोखिमपूर्ण काममा संलग्न हुनुहुँदैन । यसैले बालसहभागितालाई सरल र सहज रूपमा प्रवर्धन गर्ने र बालसहभागिताको अभ्यासका क्रममा बालबालिकाको सर्वोत्तम हित रक्षा हुने अवस्था सुनिश्चित गर्ने उद्देश्य राखेर यो निर्देशिका तयार गरिएको हो ।

यसैगरी अधिकारका रूपमा सहभागिताको अभ्यास नेपाली समाजका लागि नौलो विषय भएकाले बालसहभागिताको अभ्यास गर्ने सहभागी बालबालिकाका साथै बालबालिकासँग र बालबालिकाका लागि कार्य गर्ने सरकारी तथा गैरसरकारी संस्थाका कार्यकर्ता/सहजकर्ताहरूका लागि पनि बालसहभागिताका विषयमा बुझ्न सजिलो होस् भन्ने उद्देश्यले यसमा सैद्धान्तिक पक्षबाट पनि बालसहभागितालाई केलाउन खोजिएको हो ।

## अध्ययन विधि र सीमा

यो निर्देशिका प्राथमिक र सहायक दुवै स्रोतका सामग्रीहरूको सहयोगमा तयार गरिएको छ । बालसहभागिता विषयका उपलब्ध पाठ्य सामग्रीहरूको अध्ययन र यस क्षेत्रमा कार्यरत बालबालिकादेखि विज्ञहरूसम्मको छलफलका आधारमा यो निर्देशिका तयार गरिएको छ । बालबालिकाको सहभागितामा यसको पहिलो मस्यौदामा छलफल गरी परिमार्जन र संशोधन  गरिएको छ । यस्तै निर्देशिका तयारीका सन्दर्भमा बालसहभागिताका केही अभ्यासहरूको प्रत्यक्ष अवलोकन र सहभागी बालबालिकाहरूसँग छलफल पनि गरिएको छ । देशमा प्रचलित बालसहभागिताका सबै प्रकारका अभ्यासहरूको प्रवृत्तिगत विशेषताहरूलाई समेट्ने प्रयास अध्ययनका क्रममा गरिएको छ ।

अरू कुनै संस्था वा संगठनको उद्देश्यमा बालबालिकालाई परिचालन गर्ने क्रममा गरिएको अभ्यासलाई यस निर्देशिकामा बालसहभागिताका रूपमा समेटिएको छैन । यसैगरी यो निर्देशिका यस प्रकारको पहिलो प्रयास

भएकाले पनि यो आफैंमा पूर्ण छ भन्न मिल्दैन । अभ्यासका लागि सुझाइएको कार्यविधि पनि अपूर्ण, यदाकदा अव्यावहारिक र अस्पष्ट हुनसक्ने डर छँदैछ । के गर्ने र के नगर्ने भन्ने विषयमा दिइएको सूचीका सम्बन्धमा पनि विवाद हुन सक्तछ । प्रस्तुत सूची बालबालिकाको निर्णायक सहभागिता भएको कार्यशालाले परिमार्जन, सुधार र संशोधन गरेको भए पनि यसमा धेरै विषय थपघट गर्नुपर्ने हुन सक्तछ ।

बालसहभागिताको अभ्यास गर्ने बालबालिकाका साथै बालसहभागिता प्रवर्धनमा संलग्न सहयोगी/सहजकर्ताहरूका लागि पनि लक्षित गरेर यो निर्देशिका तयार गरिएकाले यसको भाषा र प्रस्तुति बालबालिकाका लागि सहज नहुन पनि सक्तछ ।

यस निर्देशिकामा बालसहभागितालाई १८ वर्षको उमेर नपुगेका बालबालिकाको स्वेच्छिक र सुसूचित सहभागिताको अर्थमा लिइएको छ ।

# बालअधिकारका सन्दर्भमा बालसहभागिता

## १.१ सहभागिता र अरू बालअधिकार

बालसहभागिताका क्रममा हुने कुनै पनि अभ्यासमा सहभागी र अरू बालबालिकाको हितलाई पहिलो प्राथमिकता दिनुपर्छ । बालअधिकार महासन्धिले बालबालिकाका नाममा र सवालमा गरिने कुनै पनि काम बालबालिकाको सर्वोत्तम हितमा केन्द्रित हुनुपर्ने र उनीहरूको अहित गर्ने प्रकारको हुननहुने निर्देश गरेको छ । यसैले बालसहभागिताको अभ्यासले बालअधिकारहरू विशेषगरी विकास र संरक्षणको अधिकारको उपभोग गर्न सघाउने र तिनको उल्लंघन नहुने सुनिश्चित गर्नुपर्छ ।

**प्रमुख बालअधिकारहरू**

बालअधिकारसम्बन्धी महासन्धि (१९८९) मा उल्लेख भएका बालअधिकारका चार समूह महासन्धिमा उल्लेखित बालअधिकारहरूलाई सरल तरिकाले बुझ्न यसलाई चार समूहमा विभाजित गर्न सकिन्छ । तर बालअधिकारका यी चार समूह एकआपसमा सम्बन्धित र परिपूरक छन् ।

- बालबालिकाको बाँच्न पाउने अधिकार : महासन्धिको धारा ६ मा बााच्न पाउने बालबालिकाको जन्मसिद्ध अधिकार भएको उल्लेख गरिएको छ ।
- बालबालिकाको संरक्षणको अधिकार : महासन्धिको धारा १६ मा निजीपनको संरक्षण, १९ मा दुर्व्यवहार र उपेक्षाबाट संरक्षण र धारा २० मा परिवारविहीन हुनबाट संरक्षणका प्रावधान राखिएका छन् । यसैगरी धारा ३२–३९ सम्ममा बालश्रम, लागूपदार्थको दुरुपयोग, यौनशोषण, बेचबिखन र ओसारपसार, अपहरण, अरू प्रकारका शोषणहरू, यातना र स्वतन्त्रताको अपहरण, सशस्त्र संघर्षमा प्रयोग र पुनर्स्थापनाको व्यवस्था आदि संरक्षणका विभिन्न अधिकारहरूको व्यवस्था गरिएको छ । संरक्षणको अधिकारले मूलतः बालबालिकालाई हानि, शोषण र भेदभावबाट संरक्षणको प्रत्याभूति गरेको छ ।
- बालबालिकाको विकासको अधिकार : महासन्धिको धारा २८ र २९ मा शिक्षासम्बन्धी, धारा २४ मा स्वास्थ्यसम्बन्धी र धारा ३१ मा मनोरञ्जनसम्बन्धी अधिकारहरू समेटिएका छन् ।
- बालसहभागिताको अधिकार : धारा १२ मा स्वतन्त्र विचारको अधिकार, धारा १३ मा अभिव्यक्तिको अधिकार, (धारा १४ मा स्वतन्त्र आस्थाको अधिकार, धारा १५ मा संगठनको अधिकार र धारा १७ मा सूचनाको अधिकार सम्बन्धमा उल्लेख भएको छ ।

**स्रोतः बालअधिकारसम्बन्धी महासन्धि (१९८९) ।**

शारीरिक र मानसिक विकास बालबालिकाको पहिलो अधिकार हो । यसको अर्थ बालबालिकाको पढाइ, स्वास्थ्य र मनोरञ्जन तथा खेलकुदमा कुनै पनि कारणले बाधाअवरोध पुग्नु हुदैन भन्ने हो । बालसहभागिताका क्रममा कहिलेकहिं सहभागी बालबालिका स्वयंले वा उनीहरूका सहयोगी/सहजकर्ता व्यक्ति वा संस्थाले बालबालिकाको सर्वोत्तम हितको बेवास्ता गरेको पनि देखिएको छ । बालसहभागिताका क्षेत्रमा सक्रिय विद्यार्थीले पढाइमा समय नदिने वा दिन नभ्याउने गरेको धेरै उदाहरणहरू देखिएको छ । यसले सहभागी विद्यार्थीको विकासमा बाधा पुग्छ ।

यस्तै कुनै अवस्थामा कुनै काममा सहभागी हुादा बालबालिकाको स्वास्थ्यमा असर पुग्ने डर हुन्छ । उदाहरणका लागि सफाइ अभियानमा परिचालन गरिने बालबालिकाको स्वास्थ्यमा त्यहााको फोहोरको दुष्प्रभाव सजिलै पर्ने डर हुन्छ । यस्तै बालक्लबका अगुवा बालबालिकाहरू धेरैजसो औपचारिक कार्यक्रमहरूमा सहभागी हुने गर्नाले उनीहरूको बालापनको सरलता गुम्न पुग्छ । सधैंजसो तनाव र हतारमा रहने गर्नाले शारीरिक र मानसिक स्वास्थ्यमा पनि असर पर्ने डर हुन्छ । यसले त्यस्ता बालबालिकाको सहज विकासमा प्रतिकूल प्रभाव पार्छ जुन बालबालिकाको सर्वोत्तम हितविपरीत हुन्छ ।

यसैगरी बालबालिकालाई विभिन्न प्रतिकूल अवस्थाबाट संरक्षित हुने अधिकार बालअधिकार महासन्धिले सुनिश्चित गरेको छ । बालसंरक्षणका अधिकारमा कुनै पनि प्रकारको सम्झौता हुन सक्तैन । स्वयं बालबालिकाले पनि आफ्नो संरक्षण वा विकासका सम्बन्धमा निर्णय गर्दा पूर्ण रूपमा सुसूचित भएरमात्र निर्णय लिनुपर्छ । कुनै पनि विषयमा

सहभागी हुादा बालबालिकाले आफ्नो विकासमा त्यसबाट के कति लाभ हुन्छ र त्यसले आफूमाथि कस्तो प्रभाव पार्छ ? कति हानिनोक्सानी हुन्छ ? कुनै जोखिममा पार्छ कि पर्दैन ? विशेषगरी आफ्नो पढाइ, स्वास्थ्य, खेलकुद, बालापनमा प्रतिकूल प्रभाव पर्छ कि पर्दैन भन्ने विषयमा राम्ररी जानकारी लिएर र थाहा पाएर मात्र निर्णय गर्नुपर्छ ।

बालसहभागिता सफल वा सार्थक हुन/मानिनका लागि सहभागी बालबालिकाका अरू अधिकारको रक्षा र उपभोग सुनिश्चित हुनैपर्छ । बालसहभागिताको अभ्यासको सफलताको मूल कसी बालअधिकारको उपयोग नै हो ।

## १.२ बालसहभागिताको अभ्यास उपादेयता

### १.२.१ बालअधिकारको अभ्यास

सहभागिता बालअधिकारको अभिन्न पक्ष हो । बालसहभागिताको अभ्यासबाट बाल अधिकार महासन्धिले व्यवस्था गरेका अरू बालअधिकारहरूको उपभोगका अभ्यासका लागि पनि बालसहभागिताको सहयोग पुग्न सक्तछ । अभ्यास आवश्यक हुन्छ । अधिकारको अभ्यास गर्नका लागि बालबालिकालाई पनि बालअधिकारका बारेमा जानकारी हुनुपर्छ । बालअधिकारका बारेमा जानकारी पाउन र अरू अधिकारहरूको अभ्यास गर्न बालसहभागिता उपयोगी माध्यम हुन सक्तछ ।

बालसहभागिता बालबालिकाको व्यक्तित्व विकासका लागि सहायक हुन्छ । बालसहभागिता आफुसंग सरोकार भएको विषयमा सहभागी हुन पाउने आधारभुत मानवअधिकारको पनि अभ्यास हो । विशेषगरी बालसहभागिताद्धारा बालबालिकाले बालसंरक्षणको अधिकारको जानकारी पाउन र अभ्यास गर्न समर्थ हुनेछन् । बालशोषण र उत्पीडनका विरुद्ध पनि उनीहरु समेत हुनेछन् । बालशोषण र उत्पीडनका विरुद्ध पनि उनीहरु सचेत हुनेछन् भने आफ्नो विकासको अधिकारको रक्षाका लागि आवाज उठाउन पनि समर्थ हुनेछन् ।

बालअधिकारको दायित्व पुरा गर्न तर्जुमा र कार्यान्वयन गरिने कार्यक्रम वा उनीहरुको सहभागिताको अधिकार सुनिश्चित गर्ने पक्रियालाई प्रभावकारी र बालमुखी बनाउन पनि बालसहभागिता आवश्यक छ ।

बालबालिका विषयमा उनीहरुकै जानकारी वा प्राथमिकतालाई चुनौती दिने संस्कार बदल्न पनि बालसहभागिताको अभ्यास प्रभावकारी हुन्छ । बालहितकारी कार्यक्रमको तर्जुमा र कार्यान्वयनलाई प्रभावकारी बनाउन पनि बालसहभागिता महत्वपुर्ण माध्यम बन्न सक्ने देखिन्छ ।

### १.२.२ लोकतान्त्रिक मुल्यको प्रवर्धन

सहभागिता शासनमा नागरिकको पहुच बढाउने लोकतान्त्रिक विधि हो । यस प्रक्रियाबाट नागरिकले आफुसंग सरोकार भएको विषयमा संलग्न हुने अधिकार पाउछन् । नागरिकले आफ्नो सहभागितामा भएको निर्णयका प्रति दायित्वबोध पनि गर्दछ । यसले निर्णयको प्रभावकारिता बढ्छ । सहभागिताका क्रममा हुने छलफल र निर्णयको प्रक्रियात्मक अभ्यासले सहभागीमा आत्मविश्वास बढ्छ । साथै सहभागीमा लोकतान्त्रिक मुल्य र मान्यताका प्रति आकर्षण पनि बढ्छ ।

बालसहभागिताको अभ्यासद्धारा बालबालिका लोकतान्त्रिक मुल्य र मान्यताका प्रति आकर्षित र दीक्षित हुन्छन् । नागरिकहरुमा लोकतान्त्रिक संस्कारको जग बसाउने उत्तम उपायहरुमा सहभागिता पनि हो । बालसहभागिताको अभ्यासले बालबालिकामा लोकतान्त्रिक विधि र प्रक्रियाप्रति विश्वास पनि सिर्जना हुनपुग्छ । बालसहभागिताका माध्यमबाट उनीहरुले आफुसंग सरोकार राख्ने विषयको आधिकारिक जानकारी पाउंछन् ।

सार्वजनिक जीवनमा सहभागिताले बालबालिकालाई असल र लोकतान्त्रिक नागरिक बनाउन सहयोग गर्छ । यसैले नेपालजस्तो लोकतान्त्रिक संस्कृतिको जग बसिनसकेको मुलुकमा लोकतान्त्रिक मुल्य र मान्यता हुर्काउन

बालसहभागिता उपयुक्त उपाय देखिन्छ । बालसहभागिता बालबालिका लागि लोकतान्त्रिक पक्रियाहरुको अभ्यास गर्ने अवसर र माध्यम दुवै हो ।

## १.२.३ सुशासनको पुर्वाधार

सहभागिताबाट निर्णय प्रक्रिया र औचित्य दुवै पारदर्शी हुन्छ । बालबालिकाले पारदर्शीताको महत्व बुझ्ने र अभ्यास गर्ने अवसर पाएका सुशासनका प्रति उनीहरुमा लगाव बढ्नेछ । पारदर्शिताको सुनिश्चितताका लागि कुनै पनि संस्था, प्रक्रिया वा अभ्यासमा सरोकारवालाको सहभागिता अनिवार्य हुन्छ ।

पारदर्शिताले भ्रष्टाचार घटाउंछ । सुशासनका विशेषतामा सहभागिता, पारदर्शिता, उत्तरदायित्व, सहमतिमुलक निर्णय प्रक्रिया, समता, प्रभावकारिता, दक्षता तथा विश्वसनीयता जस्ता गुणहरु पर्दछन् । यस्ता गुणहरुसंग बालबालिका परिचित र अभ्यस्त भए भने सुशासनको पुर्वाधार तयार गर्न सहयोग हुन्छ ।

**अधिकारमुखी अवधारणा सहभागिता**

- सहभागिता विकासको अधिकारमुखी अवधारणाको ९च्ष्नजतक द्यबकभम ब्उउचयबअज० एउटा अभिन्न तत्व हो । मुलतः संयुक्त राष्ट्र संघले अगाडि सारेको यो अवधारणा मानवअधिकार र विकासका बीचमा निकटतम सम्बन्ध हुनुपर्ने मान्यतामा आधारित छ । आवश्यकता पहिचानदेखि नै परियोजनाको छनौट, कार्यान्वयन, अनुगमन र मुल्याङ्कनजस्ता निर्णय र कार्यान्वयनको सबै चरणमा सरोकारवालाको निर्णायक सहभागिता हुनुपर्छ भन्ने यस अवधारणाको मुल मर्म हो र संयुक्त राष्ट्र संघीय विकासको अधिकारसम्बन्धी घोषणाका अनुसार यस्तो सहभागिता सक्रिय, स्वतन्त्र र सार्थक हुनुपर्दछ । यस आधारमा परम्परागत अर्थको अरुको खटनमा हुने औपचारिक वा देखावटी संलग्नतालाई सहभागिता भन्न सकिदैन ।
- अधिकारमुखी अवधारणामा अधिकारवाला र दायित्ववाला दुई पक्ष हुन्छन् । बालसहभागिता बालबालिकाको अधिकार हुनाले उनीहरु अधिकारवाला हुन् भने परिवार, समुदाय, विद्यालय, स्थानीय निकाय र राज्य सहभागी गराउने दायित्ववाला हुन् । अधिकारवालले हक दावी गर्न पाउछ र दायित्ववालाले पुरा गर्नुपर्ने हुन्छ । अधिकारमुखी अवधारणाको मर्म यही हो ।
- अधिकारको अंग्रेजी शब्द राईट हो दुईवटा अर्थ हुन्छ - हक र उचित । यर्थाथमा अधिकारमुखी अवधारणले समेट्ने गरेको अधिकार उचित वा न्यायपुर्ण अधिकार हो । अर्थात् दुवै अर्थको मेल । जसको लठ्ठी उसैको भैसी अर्थात शक्ति नै अधिकार भन्ने अवधारणा मध्य युगको अवशेष हो । यसैले अधिकार मुल्य पनि हो ।
- अधिकारमुखी अवधारण विकास प्रक्रिया, संस्थाहरु, सुचना र असहमति व्यक्त गर्ने संयन्त्रलगायतमा सरोकारवालाको पहुंचमा विशेष ध्यान दिईन्छ । अधिकारमुखी अवधारणामा निर्णयमा सरोकारवालाको अधिकतम हितको ख्याल राखिनुपर्छ भन्ने मानिन्छ । यसैले सहभागिता बाहिरबाट थोपरिएको कुनै निर्णय वा संयन्त्रका आधारमा हुदैन । सहभागिता त आन्तरिक विधि र तरिकामा आधारित हुन्छ ।
- अधिकारमुखी अवधारणामा सरोकारवाला नै निर्णायक मानिन्छ । आफ्नो सहभागिता नभएको निर्णय कार्यान्वयनका क्रममा स्वीकार गरेर संलग्न हुनुपर्ने अवस्था लोकतान्त्रिक र सहभागितामुलक होईन ।

## १.२.४ नेतृत्वको विकासको अवसर

बालसहभागिताबाट सहभागी बालबालिकामा नेतृत्व विकासको अवसर उपलब्ध हुन्छ । सहभागिता एकल अभ्यास नभएर सामूहिक कार्य हो । सहभागिताको अभ्यास समूहमा हुने हुनाले सहभागी बालबालिकामध्ये नेतृत्वको गुण र रुचि भएकाले स्वाभाविक रूपमा नेतृत्व लिन पुग्छन् । सहभागितालाई प्रभावकारी र उद्देश्यपरक बनाउन कुशल नेतृत्व चाहिन्छ । सहभागिताका क्रममा नै बालबालिकामा नेतृत्व क्षमताको विकास हुन्छ । यसैले सहभागिताका क्रममा नेतृत्व विकासको आवश्यकता र अवसर दुवै हुन्छ । बालसहभागिताको अभ्यासका क्रममा बालबालिकामा नेतृत्व क्षमता र कौशलको विकास हुन्छ । सहभागिता जुटाउन र परिचालन गर्नका लागि कुशल नेतृत्व आवश्यक हुन्छ भने सहभागिताको अभ्यासबाट मात्र नेतृत्व कौशलको विकास गर्ने अवसर प्राप्त हुन्छ ।

# २
# बालसहभागिताको अर्थ

## ३.१ सहभागिताको अर्थ

नेपाली बृहत् शब्दकोशमा सहभागिताको अर्थ यस प्रकारको छ - सहभागिता - ना. (सं.) सहभागी हुनाको भाव, कुनै कामकुरामा अरूका साथै भाग लिने वा सहभागी भएर काम गर्ने प्रक्रिया वा अवस्था । अरूका साथ मिलेर काम गर्ने अवसर वा अधिकार । (नेपाली बृहत् शब्दकोश, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान) ।

आफ्नो सरोकारको कुनै पनि विषयको निर्णय र कार्यान्वयन प्रक्रियामा लोकतान्त्रिक पद्धति र भावनाअनुरूप पहुँच र अभ्यास सहभागिता हो । परम्परागत रूपमा भने अरूले गरेको निर्णय कार्यान्वयनमा संलग्न हुनुलाई सहभागिता भन्ने गरिएको थियो । निर्णय, कार्यान्वयन र अनुगमन प्रक्रियामा सरोकारवालाको निर्णायक संलग्नता, पहुँच र अभ्यास सहभागिता हो ।

अधिकारमुखी अवधारणाअनुसार सहभागिताको अर्थ आफूसँग सरोकार राख्ने कुनै पनि विषयमा सबै चरणमा सहभागी हुने अधिकार सहभागिता हो ।

सहभागिता यथार्थमा सशक्तीकरणको राजनीतिक प्रक्रिया हो । यसका लागि कार्यक्रम निर्माण गर्दा समाजका सदस्यहरूलाई सचेत गराउने, प्रश्न गर्ने, माग राख्ने, शासनका निकायहरूमाथि दबाब सिर्जना गर्ने गतिविधिहरू समावेश गरिन्छ ।

**बालसहभागिताको परिभाषा**

बालबालिकासाग सरोकार राख्ने विकास र शासनका सबै गतिविधिको निर्णय र कार्यान्वयन प्रक्रियाको सबै चरणमा समान हैसियतमा स्वेच्छापूर्वक सहभागी हुने अधिकार बालसहभागिता हो ।

चितवन कार्यशालाका सहभागी बालबालिकाद्वारा तयार

**बालअधिकार महासन्धि, १९८९ मा उल्लेख भएका बालसहभागितासम्बन्धी अधिकारहरू**

१. स्वतन्त्र विचारको अधिकार (धारा १२)
२. अभिव्यक्तिको अधिकार (धारा १३)
३. स्वतन्त्र आस्थाको अधिकार (धारा १४)
४. संगठनको अधिकार (धारा १५)
५. सूचनाको अधिकार (धारा १७)

**बाल बचाउ समूहको अन्तर्क्षेत्रीय कार्यशाला (२६-२७ अप्रिल, २००१) का क्रममा बालबालिकाहरूले तयार गरेको परिभाषा**

बालनागरिकता र शासनको परिभाषा

१. बालनागरिकता र शासन भनेको बालबालिका तथा युवाको पारिवारिक, सामाजिक, आर्थिक र सांस्कृतिक जनजीवनमा सक्रिय सहभागिता हो । यो यस्तो प्रवर्धनात्मक प्रक्रिया हो जसमा बालबालिकाले समर्थ सामाजिक सरोकारवालाका रूपमा स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहका निर्णय प्रक्रिया र परिणामलाई प्रभावित गर्ने कौशल, ज्ञान र मान्यताको विकास गर्छन् ।
२. नागरिक जीवनमा सक्रिय गराइएमा बालबालिका र युवा वयस्कहरूसँगै आफ्ना दौतरीहरू र अरूको पनि हित प्रवर्धन गर्न अधिकार र उत्तरदायित्व बहन गर्न सक्षम बनाउँछ । उनीहरूको सहभागिताले विद्यमान असमानता र गरिबीको जडमूललाई चुनौती दिन्छ र न्यायपूर्ण तथा लोकतान्त्रिक संस्कारका लागि सकारात्मक योगदान गर्छ ।

# ३
# बालसहभागिता : थरीथरीका

बालसहभागिताका नाममा नेपालमा विभिन्न प्रकारका अभ्यासहरू भएकाछन् । तिनलाई संगठन क्षेत्र, कार्य क्षेत्र, सहभागिताको प्रकार, उत्प्रेरणा र वर्ग गत आधारमा विभाजन गर्न सकिन्छ ।

बालसहभागिताका लागि बनाइएका संरचनाहरू मूलतः विद्यालय र समुदायमा आधारित रहेका छन् । विद्यालयमा पनि विशेष गरी सार्वजनिक क्षेत्रका माध्यमिक विद्यालयका विद्यार्थीहरू विभिन्न विद्यार्थी संगठनमा आबद्ध रहेका पाइन सक्तछन् । राजनीतिक आस्थाका आधारमा गठित यस्ता संगठनहरू र तिनै संगठनका सदस्यका रूपमा विद्यार्थीहरू सहभागी हुने विद्यार्थी युनियनहरूलाई भने बालसहभागिताको अध्ययन क्षेत्रमा समावेश गरिएको छैन ।

यसैगरी नेपाल रेडक्रस सोसाइटीको युवा तथा जुनियर रेडक्रसको पनि संगठन धेरै विद्यालयहरूमा पाइन्छ । त्यो पनि बालसहभागिताको अभ्यास हो तापनि यसमा समावेश गरिएको छैन । यी दुवै प्रकारका संरचनाहरूको प्राथमिक उद्देश्य बालसहभागिता प्रवर्धन गर्नु नभएर बालबालिकालाई आफ्नो उद्देश्य प्राप्तिमा परिचालन गर्नु भएकाले बालसहभागितामा केन्द्रित अभ्यासका रूपमा समावेश नगरिएको हो ।

## ३.१ बालसहभागिताको नाममा भएका अभ्यासहरूको क्षेत्रगत आधारमा वर्गीकरण गर्दा निम्नअनुसार देखिन्छ :

- विद्यालयमा आधारित
- समुदायमा आधारित

### ३.१.१ विद्यालयमा आधारित बालसहभागिताका संरचनाहरू

विद्यालयका बालबालिकालाई विभिन्न क्रियाकलापमा सहभागी बनाउने उद्देश्यले विद्यालयस्तरीय बालक्लबहरू गठन गरिएका हुन्छन् । यस्ता क्लबहरू सहरी क्षेत्रका तुलनामा ग्रामीण क्षेत्रका विद्यालयहरूमा बढी छन् । यसैगरी निजी विद्यालयमा भन्दा सार्वजनिक विद्यालयहरूमा बालक्लबहरू धेरै छन् । यस्ता बालक्लबहरूमा कतै विद्यालयका सबै बालबालिकालाई सहभागी हुने मौका दिइएको पाइन्छ भने कतै कक्षा वा उमेरको आधारमा सहभागी गराउने गरेको पाइन्छ ।

### ३.१.२ समुदायमा आधारित बालसहभागिताका संरचनाहरू

बालसहभागिता प्रवर्धन गर्न निश्चित भौगोलिक क्षेत्र वा पेसाका दृष्टिले बाहुल्य रहेको कुनै समुदायमा आधारित बालक्लबहरू गठन गरिएका हुन्छन् । यस्ता बालक्लबहरू पनि सहरी क्षेत्रका तुलनामा ग्रामीण क्षेत्रमा नै बढी छन् । समुदायमा आधारित बालक्लबहरूमा सम्बन्धित भौगोलिक सीमा वा समुदायभित्रका सबै बालबालिकालाई समेट्ने प्रयास गरिएको पाइन्छ तापनि अधिकांश बालक्लबहरूमा १० वर्षभन्दा माथिका बालबालिकाहरू नै सक्रिय र संगठित

हुने गरेको देखिन्छ । ग्रामीण क्षेत्रका यस्ता अधिकांश बालक्लबहरूमा सबै वर्गका बालबालिका सहभागी हुने गरेका छन् भने सहरी क्षेत्रका बालक्लबहरूमा विशेषगरी श्रमिक बालबालिका सहभागी हुने गरेको पाइन्छ ।

## ३.२ बालबालिका सहभागी हुने क्रियाकलापका आधारमा वर्गीकरण गर्दा मूलतः निम्न दुई कार्य क्षेत्रमा विभाजन गर्न सकिन्छ : –

- विषयगत
- सामान्य

विद्यालय वा समुदायमा कुनै विषयमा बालबालिकालाई सहभागी गराउन परेका अवस्था वा बालबालिका स्वयंले विषय विशेषमा रुचि प्रकट गरेका अवस्थामा यस्ता विषयगत बालक्लबहरू गठन गरिएको पाइन्छ । विशेषगरी जनस्वास्थ्य, सरसफाइ, बालश्रम उन्मूलन, वातावरण, पुस्तकालय, उन्मूलन, बालअधिकारको प्रचारप्रसारजस्ता

विषयहरूमा काम गर्ने गरी यस्ता क्लबहरू बनाइएको पाइन्छ । हुन त कहिलेकहीं यस्ता बालक्लबका बालबालिकाहरू निर्धारितभन्दा बाहिरका विषयमा पनि सक्रिय हुन पुगेको देखिन्छ तापनि सामान्यतया उनीहरू आफ्नो विषयमा नै केन्द्रित हुन्छन् ।
बालबालिकाद्वारा स्वतःस्फूर्त रूपमा वा मूलतः बालसहभागिता प्रवर्धन कै उद्देश्यले गठित बालक्लबहरू भने विषय विशेषमा सीमित हुँदैनन् । आफ्नो संगठन क्षेत्रका बालबालिका र समुदायसाग सरोकार भएका सबै विषयमा उनीहरू सक्रिय हुने गर्छन् । ग्रामीण क्षेत्रमा समुदायमा आधारित बालक्लबहरू विशेषगरी यस्तो प्रकृतिका देखिन्छन् ।

### ३.३ सदस्यता वा सहभागिताको प्रकारका आधारमा हेर्दा बालक्लबहरूमा दुई प्रकारको अभ्यास भएको पाइन्छ ।

- अनिवार्य
- ऐच्छिक

विद्यालयमा गठित बालक्लबहरूमा सामान्यतः कतैकतै सबै विद्यार्थी लाई अनिवार्य रूपमा सदस्य हुनुपर्नेबनाउने अभ्यास पनि गरिएको पाइन्छ । समुदायमा आधारित बालक्लबमा भने सदस्यता अनिवार्य गरिएको बिरलै भेटिन्छ । बालसहभागिताका लागि गठित बालक्लबहरूमा सबैलाई समेट्ने उद्देश्य राखिए पनि सदस्यता र क्रियाशीलता ऐच्छिक हुन्छ ।

### ३.४ बालसहभागिताका लागि क्लबहरू बनाउादा बालबालिका निम्न आधारमा उत्प्रेरित हुने गरेका देखिन्छन् :–

- प्रवर्धनात्मक
- स्वतःस्फूर्त

बालसहभागिताको अवधारणा बाल अधिकार महासन्धि, १९८९ पछि अगाडि बढाइएको हो । यसै हुनालबालअधिकार महासन्धि कार्यान्वयनलाई प्राथमिकता दिएर बालअधिकार प्रवर्धनका क्षेत्रमा क्रियाशील राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाहरूले बालसहभागिता बढाउने कार्यक्रमहरू आआफ्ना कार्यक्षेत्रमा कार्यान्वयन गर्ने गरेका छन् । यस क्रममा त्यस्ता संघसंस्थाले बालसहभागिता प्रवर्धन गर्न बालक्लबहरूको गठनदेखि सञ्चालन र सुदृढीकरणका विभिन्न गतिविधिमा सहयोग पुऱ्याउने वा अगुवाइ गर्ने गर्दै आएका छन् । त्यस्ताहरूले बालसहभागिता बढाउन गठन गरे/गराएको बालक्लबहरूलाई प्रवर्धनात्मक भन्न सकिन्छ । प्रकारले प्रायोजित गर्ने गरेको देखिएको छ । बालबालिकाका क्षेत्रमा कार्यरत अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको कार्य क्षेत्रमा नै बालसहभागिताका लागि बनाइएका संरचनाहरू केन्द्रित रहेको पाइन्छ । यसले पनि बालसहभागिता मूलतः प्रवर्धन गरिएको पुष्टि हुन्छ ।

सहरी क्षेत्रमा भन्दा ग्रामीण क्षेत्रमा र वौद्धिक व्यावसायिक परिवारका भन्दा श्रमिजीवीक वर्गका बालबालिका बालसहभागिताका क्रियाकलापमा बढी संलग्न र सक्रिय रहनुको एउटा कारण पनि सके यही प्रायोजन नै हो । बालअधिकारको प्रचारप्रसारपछि केही क्षेत्रका बालबालिकाले स्वतःस्फूर्त रूपमा संस्थाहरू बनाएका छन् । यसरी स्वतःस्फूर्त रूपमा गठित बालक्लब वा संस्थाहरू भने धेरै कम छन् ।

### ३.५ बालक्लबमा संगठित बालबालिकालाई वर्गगत आधारमा हेर्दा गाउँ र सहरमा बेग्लाबेग्लै अवस्था देखिन्छ । बालक्लबका बालबालिकालाई वर्गका आधारमा मूलतः निम्न दुई प्रकारले विभाजन गर्न सकिन्छ :

- श्रमिक वा श्रमिक परिवारका
- गाउँका सम्पन्न परिवारका बालबालिका

सहरी क्षेत्रका बालक्लबहरूमा श्रमिक वा श्रमिक परिवारका बालबालिकाको बाहुल्य छ । यस्ता क्लबहरूमा बौद्धिक–व्यावसायिक परिवारका बालबालिकाको सहभागिता नगण्य देखिन्छ । विशेषगरी गरिबी निवारण, बालश्रम उन्मूलन वा जनस्वास्थ्य तथा सरसफाइका क्षेत्रमा क्रियाशील संघसंस्थाहरूले बालक्लबहरूको गठनमा अगुवाइ गरेका कारणले पनि उनीहरूको लक्षित वर्गबाहिरका बालबालिकालाई क्लबमा नसमेटिएको हुन सक्तछ । ग्रामीण

भेगमा भने यसरी स्पष्ट वर्गगत विभाजन देखिँदैन । गाउाका सबै वर्गका बालबालिका एउटै बालक्लबमा समाहित भएका पाइन्छन् भने विद्यालयहरूमा पनि सागै पढ्ने हुनाले बालसहभागिताका क्रियाकलापमा वर्गगत भेदभाव देखिँदैन । यस्तै बालक्लबमा सहभागी अधिकांश बालबालिका सामुदायिक विद्यालयमा पढ्ने गरेको पाइन्छ ।

### ३.६ संरचनाको स्वरूपका आधारमा बालक्लबहरूलाई एकल र सञ्जाल गरी दुई भागमा विभाजन गर्न सकिन्छ :

- एकल बालक्लब
- सञ्जालमा सम्मिलित

कुनै विद्यालय वा समुदायमा एउटा संस्थाका रूपमा सञ्चालित बालक्लबहरू एकल बालक्लब हुन् । उनीहरू सञ्जालका सदस्य हुन वा नहुन सक्तछन् । अरू क्लबसाग उनीहरूको सम्बन्ध गाासिएको हुँदैन ।

अर्को प्रकारको बालक्लब भने समान उद्देश्यका सञ्जालमा आबद्ध हुन्छन् । उनीहरूको गतिविधि र कार्यक्रममा सञ्जालका अरू क्लबहरूको पनि भूमिका हुन्छ ।

विभिन्न बालक्लबहरूको संगठनका रूपमा बालक्लबहरूका सञ्जालहरू सञ्चालित हुन्छन् । यस्तो सञ्जाल स्थानीय, क्षेत्रीय, जिल्लास्तरीय, राष्ट्रिय हुन सक्तछन् । विषय विशेषका क्लबहरूको पनि राष्ट्रिय सञ्जाल गठन गरिएको पाइन्छ ।

# ४
# बालसहभागिताका बाधक र सहयोगी तत्वहरू

अधिकांश अवस्थामा बालबालिकालाई निश्चित उद्देश्य प्राप्तिका लागि परिचालन गर्ने क्रममा सहभागी बनाउने गरिएको देखिन्छ । बालबालिका आफैं स्वतःस्फूर्त रूपमा संगठित भएका उदाहरणहरू बिरलै भेटिन्छन् । अहिलेको अभ्यास जसरी भएको भए पनि बालबालिकालाई सहभागी हुने अवसर (प्रयास) भने तिनले दिएका छन् । बालबालिकाको अधिकारका रूपमा लिएमा मात्र बालसहभागिताको अभ्यास सार्थक हुनसक्ने हुनाले यसका सहयोगी र बाधक तत्वहरूको पहिचान हुनु आवश्यक छ ।

सहभागिता प्रक्रिया र विधिमा आधरित हुने भए पनि मूलतः मानवीय विषय हो । यसैले बालसहभागिताका विभिन्न अभ्यासमामा बालबालिकाको वैयक्तिकव्यक्तिका रूपमा रहेको अस्तित्वतइभ्व र अधिकारलाई सबैभन्दा बढी महइभ्व दिइनुपर्छ । नेपाली समाज परम्परागत रूपमा सामन्ती संस्कार भएको समाज हो । गाउाको मुखिया, अड्डाको हाकिम वा घरको मूलीको हैकममा चुनौती नदिने परम्परा नेपाली समाजमा अझै व्याप्त छ । यस्तो अवस्थामा बालबालिकाका कुरा सुन्ने र उनीहरूलाई सम्पत्ति ठान्ने वा तह लगाएर राख्नुपर्छ भनेर मान्ने मानसिकतामा परिवर्तन भएन भने बालअधिकारको उपभोग हुन सक्तैन । बालअधिकारले महइभ्व र मान्यता पाएन भने बालसहभागिता पनि व्यापक र सुदृढ हुन सक्तैन । यसैले सबैभन्दा पहिले बालबालिकालाई व्यक्ति मान्ने र उनीहरूको पनि आफ्नो इच्छा हुन्छ, बालबालिका पनि निर्णय लिन समर्थ हुन्छन् र उनीहरूको आफ्नो अलग्गै व्यक्तित्व हुन्छ भन्ने स्वीकार गर्नु आवश्यक छ ।

बालबालिका विकास र शासनमा सहभागी हुन सक्तछन् । उनीहरू अहिले निगरानीदेखि नीति निर्माणसम्ममा र विद्यालयको सरसफाइदेखि समुदायमा सामाजिक सेवाको आपूर्तिसम्मका काममा सरिक भइरहेका छन् । सुरुमा विद्यालय वा समुदायभित्र खेल र सामान्य सरसफाइमा सीमित बालसहभागिताको क्षेत्र बिस्तारै व्यापक र जटिल हादै गएको छ । बालसहभागिताको विषयलाई मानवीय पक्षका रूपमा हेरेर मात्र विवेचना गरिनुपर्छ । बालबालिकामा पनि
आधारभूत मानवीय कमजोरी र खुपी दुबै हुन्छ । यस्तै उनीहरूको सहभागिता पनि मानवीय पक्ष हुनाले वस्तुगत र विषयगत दुवै हुन्छ । सबैभन्दा पहिले बालसहभागिता मानवीय विषय हो भन्ने ख्याल राख्नुपर्छ ।

## ४.१ सहभागिताका सहयोगी पक्ष

### ४.१.१ बालअधिकारको सम्मान

परिवार, समाज र राज्यमा बालअधिकारको सम्मान गर्ने संस्कृतिको विकास हुन सकेमा बालसहभागिताको अभ्यास पनि बढेर जान्छ । सही अर्थमा बालसहभागिताको अभ्यास हुन⁄गराउन सकेमा अरू बालअधिकारको कार्यान्वयनमा पनि सहयोग पुग्छ । यस्तै सहभागी बालबालिकाको व्यक्तिको विकासमा पनि यस अभ्यासबाट सहयोग पुग्छ । यसैले परिवार, समुदाय र राष्ट्रमा बालअधिकारको सम्मान गर्ने संस्कारको विकास हुनु आवश्यक छ । यसले बालसहभागिता प्रवर्धन गर्न सहयोग पुऱ्याउँछ ।

### ४.१.२ बालहित सर्वोपरिरु बालिकाका हितमा

बालसहभागिता बालबालिकाको हितमा हुनुपर्छ । त्यसबाट उनीहरूलाई प्रत्यक्ष लाभ पुगेको हुनुपर्छ । बालसहभागिताका कुनै पनि क्रियाकलापले बालबालिकामाथि बोझ बढ्ने वा उनीहरूको शारीरिक मानसिक विकासमा प्रतिकूल प्रभाव पार्ने हुनुहुदैन । यस्तै यसबाट बालसहभागिताको अभ्यास गर्दा उनीहरूको शारीरिक तथा मानसिक स्वास्थ्यमा कुनै पनि नकारात्मक प्रभाव पर्न नदिन पनि उत्तिकै सजग हुनुपर्छ । मूलतः बालसहभागिताका बारेमा
निर्णय गर्नुपूर्व नै त्यसबाट सरोकारवाला बालबालिकाको हित हुने सुनिश्चित गरिनुपर्छ ।

### ४.१.३ लोकतान्त्रिक विचार र व्यवहार

बालसहभागिताका लागि बालबालिकालाई परिवारको सम्पत्ति वा वस्तुका रूपमा हेर्ने दृष्टिकोणमा परिवर्तन आवश्यक छ । बालबालिकालाई हेर्ने दृष्टिकोण मानवअधिकारमुखी नभएमा बालसहभागिताको पनि अभ्यास हुन सक्तैन । यसका लागि लोकतान्त्रिक सिद्धान्त र व्यवहार स्वीकार गरिनुपर्छ । सरोकारवालाहरू नै कुनै पनि काम वा विषयका मालिक हुन् । आफूसाग सरोकार भएको विषय वा निर्णयमा पूर्णरूपमा सहभागी हुन पाउनु उनीहरूको आधारभूत मानवअधिकार हो भन्ने यथार्थ स्वीकार गरेमा बालसहभागिताको पनि बाटो फराकिलो हुन्छ । यस्तो सिद्धान्त र पद्धतिको स्थापना लोकतन्त्रमा मात्र हुन्छ । यसैले लोकतान्त्रिक पद्धति र मानव अधिकारको सम्मान नै बालसहभागिताको पहिलो आधार हो ।

### ४.१.४ पारदर्शिता

बालसहभागिताका निर्णय र निर्णय प्रक्रिया दुबै पारदर्शी हुनुपर्छ । पारदर्शिताले त्यसको प्रतिफलको वितरण न्यायपूर्ण बनाउन पनि सहयोग पुऱ्याउाछ । पारदर्शिता भएमा सरोकारवाला बालबालिकाले आफ्नो योगदान र प्रतिफलको मूल्यांकन आफैं गर्न सक्तछन् । बालबालिकालाई सहभागिताको अभ्यास र यसका लाभहरूका सम्बन्धमा सकारात्मक धारणाको विकास गर्न पनि सहयोग पुग्नेछ । यसबाट उनीहरूमा आत्मविश्वास जाग्छ । पारदर्शिताले सहभागीको प्रतिबद्धता र उत्साह बढाउने हुनाले बालसहभागिताका लागि यो महइभ्वपूर्ण आधार बन्न सक्तछ ।

### ४.१.५ दिगोपननिरन्तरता व्यवस्थितता

बालसहभागिताको संरचना र योजना लहड र रहरमा बनाउनु हुँदैन । सहभागी हुने बालबालिकाको सुसूचित निर्णयमा मात्र बालसहभागिताका कार्यक्रम र संरचना निर्माण गर्नुपर्छ । रहर, लहड र अर्कै उद्देश्यका निम्ति बालसहभागिताको योजना वा संरचना बनाइयो भने त्यो दिगो हुँदैन । बालसहभागिताका उद्देश्यले निर्मित योजना वा संरचना दिगो भएन भने बालबालिकामा सहभागिता नै निरर्थक अभ्यास हो कि भन्ने भ्रम पर्न सक्तछ । यस्तो छाप बालबालिकामा पऱ्यो भने त्यो प्रत्युत्पादक हुनसक्ने हुनाले बालसहभागिताको व्यवस्थापनका क्रममा त्यसको दिगो पनमा विशेष ध्यान दिनुपर्छ ।

### ४.१.६ स्वतःस्फूर्तता

बालसहभागिता अरूको खटनमा हुनु हुँदैन । बालबालिका आफैंले निर्णय गरेर स्वतःस्फूर्त रूपमा संगठित हुने वातावरण भएमा बालसहभागिताको अभ्यास बढेर जानेछ । अरूको खटनमा संलग्न हुनु वा परिचालित हुनु सहभागिता होइन । अतः बालसहभागिता बढाउनका लागि बालबालिका संगठित हुन सहज हुने वातावरण निर्माण गर्नुपर्छ ।

## ४.२ सहभागितामा बाधा

नेपाली समाजमा विद्यमान सामन्ती भ्रमका कारण ठालुहरूको मात्र काम ठानिएको  नीति वा कार्यक्रम तय गर्ने कार्यमा बालबालिका सहभागी हुन थाल्दा शासकहरूले आफ्नो एकलौटी हैकम खोसिएको ठान्न सक्तछन् । त्यसमा पनि सरकारी कर्मचारी र विशेषज्ञहरूको पेवा ठानिएको नीति र कार्यक्रम तय गर्ने कार्यमा बालबालिका सहभागी हुने विषयलाई सहज रूपमा लिन उनीहरूलाई कठिन हुन सक्तछ । मूलतः लोकतान्त्रिक अभ्यास र संस्कार कमजोर भएको समाजमा शासन वा विकासमा सामान्य जनताको सहभागिताको अधिकार स्वीकार गर्न नै सरकारी अधिकारी र समाजका ठालुहरू तत्पर देखिादैनन् । यसैले अलोकतान्त्रिक सोच र कार्यशैली बालसहभागिताको बाटामा मुख्य तगारो हो ।

### ४.२.१ अलोकतान्त्रिक विचार

शासन वा विकासमा निर्णायक र सक्रिय रूपमा सहभागी हुनपाउने सरोकारवालाको अधिकार हुन्छ भन्ने लोकतान्त्रिक मान्यता हो । बालसहभागिता पनि उनीहरूको अधिकार भएकाले यही लोकतान्त्रिक मान्यताबाट प्रेरित रहेको छ । शासन पद्धति र शासकहरूको चिन्तन तथा व्यवहार लोकतान्त्रिक नभए सहभागिता सार्थक हुन

सक्तैन । खटनपटनमा संलग्न हुनु सहभागिता होइन । अर्थात् मुलुकको राजनीति, शासन पद्धति तथा समुदायको मानसिकता र अभ्यास लोकतान्त्रिक नभएमा सहभागिताको पनि अभ्यास हुन सक्तैन । यसैले बालसहभागिताको क्रममा देखापर्ने पहिलो र मुख्य अवरोध अलोकतान्त्रिक सोच र व्यवहार हो ।

### ४.२.२ सामन्ती संस्कार

नेपाली समाज मूलतः खटन र हैकममा अभ्यस्त छ । शक्ति र साधनमा राज्य वा केन्द्रको एकाधिकार रहन्छ भन्ने मानसिकता सरकारी पदाधिकारी र राजनीतिक नेताहरूमा पाइन्छ । हैकम र हुकुमको परम्परामा हुर्केको ठालुहरूको समूहका लागि बालबालिकाको सहभागिताको अधिकार स्वीकार गर्न कठिन हुन्छ । सरोकारवालाको सहभागिताको अधिकारस्वीकार गर्नेबित्तिकै ठालुहरूको एकाधिकार समाप्त हुन्छ । सहभागिताको अभ्यास बढेर गएमा समाजमा विद्यमान आर्थिक–सामाजिक असमानता र शोषणको जग पनि हल्लिन्छ ।

समाज र शक्तिको पुरानो संरचना कायमै राख्नुपर्छ भन्ने मानसिकता सामन्ती संस्कारको उपज हो । सामाजिक संरचना खलबलिन नदिने नाममा परम्परागत हैकम कायमै राख्ने सोच बालसहभागिताको बाटाको अर्को तगारो हो ।

### ४.२.३ भेदभाव र तिरस्कार

बालसहभागिताको मार्गमा अर्को तगारो सामाजिक रीतिस्थिति र अलोकतान्त्रिक नियमकानुन पनि हुने गरेका छन् । रीतिस्थिति, परम्परा र चालचलनका नाममा कमजोरहरूलाई हेप्ने र सहभागी हुने अवसर नदिने गरिएको हुन्छ । सहभागिताको अधिकारबाट वञ्चित गरिने आधार उमेर, जाति, वर्ग, लिंग र क्षेत्र हुने गरेको देखिन्छ । विकास र शासनका अभ्यास तथा प्रक्रियामा बालबालिकालाई उमेरका आधारमा भेदभाव गरी सहभागी हुने तिनको अधिकार खोसिन्छ । बालबालिकालाई सहभागी हुन नदिन गरिने भेदभाव र बालबालिकाको राय र धारणाको उपेक्षा गरिदा उनीहरूले तिरस्कार गरिएको ठान्छन् ।  अर्थात् भेदभाव र तिरस्कार गर्ने चलनले बालबालिकालाई परिवार, समुदाय र शासकीय निकायहरूमा सहभागी हुने अवसर खोसेको हुन्छ ।

### ४.२.४ करकाप

सहभागिता बालबालिकाको अधिकार हो । यसैले बालसहभागिता स्वेच्छिक हुनुपर्छ । सहभागिताका नाममा विद्यालय वा समुदायमा बालबालिकालाई कुनै काममा संलग्न हुन खटाउने कार्य पनि बालसहभागिताका मार्गमा अवरोध हो । करकाप र खटनमा सहभागी  बनाइएका बालबालिकामा सहभागिता शब्द नै मन नपर्ने भाव उत्पन्न हुन सक्तछ । अरू कसैकोखटन वा आदेशमा संलग्न गराइएमा बालबालिकाले त्यस्तो कामलाई आफ्नो ठान्दैनन् । बाहिरबाट थोपरिएको निर्णय र आदेशमा बालबालिकालाई परिचालन गर्ने चलन अर्थात् करकापको अभ्यास पनि बालसहभागिताका मार्गको अवरोध हो । बालबालिकाले आफैंले छानेको वा रोजेको काममा भएको संलग्नता मात्र बालसहभागिता मानिने हुनाले अह्रोट वा करकाप पनि बालसहभागिताका निम्ति एउटा बाधा नै हो ।

गाउँघरको स्थिति बसाउन गाउालेहरू मिलेर गरिने निर्णय सहभागिताको परम्परागत रूप हो । तर यस्तो प्रक्रियामा ठालुहरूको प्रभुत्व र निर्णायक हैसियत हुने हुनाले त्यसलाई सहभागिता मान्न सकिन्न । सहभागिता मानिनका लागि सहभागी सबैको समान महइम्व र हैसियत हुनुपर्छ । समानता लोकतान्त्रिक पद्धतिको उत्तम र अभिन्न अंग जो हो ।

### ४.२.५ अह्रोट र खटन (बाह्य नियन्त्रण)

कसैले खटाएको वा अराएको भरमा कुनै काममा संलग्न हुनु सहभागिता होइन । बालबालिकालाई उनीहरूको इच्छा नभएको वा निर्णयमा उनीहरूको सहभागिता नभएको काममा संलग्न वा परिचालित गरेर त्यसलाई बालसहभागिताको नाम दिंदा उनीहरूमा सहभागिता शब्दप्रति नै वितृष्णा उत्पन्न हुन सक्तछ । यस प्रकारको क्रियाकलापले बालसहभागितालाई कमजोर बनाउने हुनाले यसको बालसहभागिताको अभ्यासका क्रममा अह्रोट वा खटनपटन हुनुहुँदैन ।

### ४.२.६ पारिवारिक असहयोग

बालबालिकालाई घरबाहिर वा विद्यालयको नियमिति पढाइबाहिरका क्रियाकलापमा  सहभागी हुन प्रोत्साहित नगर्ने परिवारका वयस्क सदस्यहरूको प्रवृत्तिले पनि बालसहभागितामा बाधा उत्पन्न गर्छ। बालक्लबहरूमा सहभागी हुँदा समय बर्बाद हुन्छ र बालबालिका बिग्रन्छन्  भन्ने धारणा धेरै वयस्कहरूमा पाइन्छ। परिवारमा बालबालिकामाथि वयस्कको निर्णय थोपर्ने गर्दा उनीहरूलाई अरू गतिविधिमा पनि सहभागी हुने उत्साह हुदैन। बालबालिकाले कुनै विषयमा चासो देखाए भने केटाकेटी बाठो हुने होइन भनेर हतोत्साही गर्ने प्रचलन पनि बालसहभागितामा बाधक हुन्छ।

# ५
# बालसहभागिता कसरी ?

बालसहभागिता नयाँ अवधारणा हो । अधिकारमुखी संस्कृति नभएको नेपाली समाजमा शासन र विकासमा जनसहभागितालाई समेत सहज रूपमा लिने गरिएको छैन भने बालसहभागितालाई आत्मसात् गर्न निकै कठिन हुने देखिन्छ । विकास वा शासनका गतिविधिमा सहभागी हुन पाउनु बालबालिकाको जन्मसिद्ध अधिकार हो । बालसहभागिता अहिले नागरिक अधिकारको प्रयोग हो भने भविष्यका लागि लोकतान्त्रिक अभ्यासको प्रशिक्षण र दीक्षा पनि हो । बालसहभागिताका लागि बालबालिकालाई आफ्ना बारेमा विचार गर्न, आफ्नो विचार व्यक्त गर्न र अरूसँग सकारात्मक रूपमा छलफल गर्न समर्थ र उत्साहित बनाउनु आवश्यक हुन्छ ।

बालसहभागिताको मूल उद्देश्य बालबालिकालाई व्यक्ति र नागरिक समाजको सदस्यका रूपमा आफ्ना विचारहरू प्रभावकारी तरिकाले राख्न र आफूसँग सरोकार हुने निर्णयलाई प्रभावित गर्न समर्थ तुल्याउनु मानिन्छ । यसका लागि समुदायका वयस्क सदस्यहरूको सहयोग र संलग्नता पनि आवश्यक हुन्छ ।

लोकतान्त्रिक पद्धतिलाई आत्मसात् गरेपछि बालसहभागिताको ढोका खुल्छ । निम्न लोकतान्त्रिक अभ्यासहरूबाट सहभागिताको बालअधिकारको उपयोग सुनिश्चित हुनसक्ने देखिन्छ : –

## ५.१ निर्णय प्रक्रिया र विधिमा सहभागिता

बालबालिकासँग प्रत्यक्ष सम्बन्ध भएको र उनीहरू बसोबास गर्ने समुदायलाई प्रभावित गर्ने शासन वा विकासका योजना तर्जुमालगायतका कुनै पनि निर्णयमा सहभागी बनाएर बालसहभागितालाई सार्थक बनाउन सकिन्छ । विशेषगरी स्वास्थ्य, शिक्षा, सामाजिक सेवाका अरू विषयहरू र वातावरण तथा प्राकृतिक साधनको उपभोगका योजना तर्जुमाका क्रममा बालबालिका एवं युवाहरूलाई सहभागी गराउनुपर्छ । यी सबै बालबालिका र उनीहरूको परिवेशलाई प्रत्यक्ष प्रभाव पार्ने सवाल हुन् । यस्ता सबालहरूमा बालबालिकाका कुरा सुन्ने र महइभ्व दिने गरेर बालसहभागिता बढाउन सकिन्छ ।

## ५.२ कार्यान्वयनमा संलग्न गराएर

योजनाको कार्यान्वयन चरणमा पनि बालसहभागिता हुनुपर्छ । यसको अर्थ शारीरिक श्रम वा आर्थिक सहयोग वा अरू प्रकारले संलग्न गराउनु भन्ने होइन । योजना वा कार्यक्रम कार्यान्वयनका क्रममा हुने गरिने कामकारबाहीको रेखदेख र नियन्त्रणमा पनि बालबालिका सहभागी भएमा मात्र बालसहभागिता भन्न मिल्दछ । आफ्नो निर्णयमा भएको काममा अपनत्व हुन्छ । बालबालिकाले आफू संलग्न भएका योजनालाई भविष्यमा पनि आफ्नो ठान्छन् । यसो भएमा योजना दिगो हुनसक्तछ ।

विकास योजना कार्यान्वयनका क्रममा हुने भ्रष्टाचारको नियन्त्रणका लागि कार्यान्वयनको अभ्यास र प्रक्रिया पारदर्शी तथा उत्तरदायी हुनुपर्छ । सरोकारवालाको निर्णायक सहभागिता भएमा योजना कार्यान्वयनमा पारदर्शिता बढ्छ । पारदर्शिता बढ्यो भने भ्रष्टाचार घट्छ । पारदर्शिता र भ्रष्टाचारका बीचमा नकारात्मक सहसम्बन्ध हुने हुनाले बालसहभागिताले भ्रष्टाचारको सम्भावना घटाउँछ । साथै सरोकारवालाको प्रभावकारी सहभागिता भएमा सेवा वा वस्तुको गुणस्तर कायम गर्न, आपूर्ति सुनिश्चित गर्न तथा वितरण न्यायपूर्ण बनाउन पनि सजिलो हुन्छ भन्ने मानिन्छ ।

## ५.३ स्वामित्व सुम्पेर

बालबालिकालाई उनीहरूसाग प्रत्यक्ष सरोकार राख्ने योजना वा कार्यक्रमको जिम्मा दिएर पनि बालसहभागिता बढाउन सकिन्छ । हुनत, योजना तर्जुमाको चरणदेखि नै प्रक्रिया र अभ्यासमा सही अर्थमा बालसहभागिता भयो भने स्वामित्व हस्तान्तरणको प्रक्रिया औपचारिक मात्र हुनपुग्छ । सरोकारवाला आफैंले तर्जुमा र कार्यान्वयन गरेको

योजनाको स्वामित्व भावनात्मक रूपमा पहिले नै ग्रहण गरिसकेका हुन्छन् । तैपनि सरोकारवालाले आधिकारिक रूपमा नै आफ्नो ठानून् भनेर विधिवत् स्वामित्व हस्तान्तरण गरिने हो ।

आफूमाथि लागू हुने नियम बनाउने र लागू गर्ने जिम्मेवारी र अधिकार सरोकारवाला बालबालिकालाई सुम्पेर शासनमा स्वामित्व हस्तान्तरणको अभ्यास गर्न सकिन्छ । स्वामित्व हस्तान्तरणपछि सरोकारवालाहरू नै निर्णायक हुने हुनाले पारदर्शिता र उत्तरदायित्वको मात्रा पनि बढ्छ । यी दुवै असल शासनका महइभ्वपूर्ण आधार हुन् ।

## ५.४ सरोकारवालाको मान्यता दिएर

बालसहभागिता बढाउन बालबालिकालाई सरोकारवालाको मान्यता दिनुपर्छ । निर्णय गर्ने अधिकार त्यस निर्णयबाट प्रभावित हुनेहरू वा तिनका प्रतिनिधिलाई मात्र हुन्छ भन्ने मान्यता लोकतन्त्रको मूल मर्म हो । ‘प्रतिनिधित्व बिना कर नतिर्ने अमेरिकाली स्वतन्त्रता संग्रामको मूल भावनाले यसैको पुष्टि गरेको छ । बालबालिकालाई सरोकारवालाका रूपमा सहभागी गराउनुको अर्थ उनीहरूलाई विकास वा शासनका कुनै पनि विषयमा आन्तरिक अवयवका रूपमा लिनु हो । सहभागी बालबालिका खटाएअनुसार गर्ने रैती हैनन्, बाहिरबाट थोपरिएका सहल्लाहकार वा विकासे पाहुना पनि हैनन् बरु सरोकारवालाका रूपमा निर्णयका हकदार हुन् भन्ने अवधारणा अपनाइएमा बालसहभागिता प्रभावकारी हुन सक्तछ ।

## ५.५ निगरानीकर्ताका रूपमा

कुनै केन्द्र वा सत्तालाई मात्रै निर्णय प्रक्रियामा सर्वोपरि ठान्ने परम्परागत सामन्ती मान्यताका कारण बालबालिकालाई निगरानीकर्ताका रूपमा स्वीकार गर्न सत्ताधारीलाई अप्ठेरो लाग्न सक्तछ । सत्ताधारी भनेको राज्यको शासकमात्र हैन समाज, परिवार र संस्थाहरूका ठालुहरू पनि हुन् । लोकतान्त्रिक शासन पद्धतिमा भने सरोकारवालालाई नै सर्वोपरि मान्ने गरिन्छ र निगरानी गर्ने अन्तिम अधिकार सरोकारवालाको हो भन्ने स्वीकार गरिन्छ । परम्परागत शासन पद्धतिमा निगरानीका लागि निकायहरूको निर्माण र नियमहरूको तर्जुमा गर्दा निगरानीकर्ताका रूपमा सरोकारवालालाई सहभागी गराउने ठाउ बनाएको देखिँदैन । निगरानीको दायित्व र अधिकार सरोकारवालाले लिएमा विकास वा शासनको अनुगमन, मूल्यांकन र सुपरिवेक्षण कार्य भरपर्दो र अभ्यास सरल हुन्छ । यसले प्रतिफलमा जनताको पहुाच निश्चित गर्ने मात्र हैन मानवअधिकारको रक्षामा पनि सहयोग पुऱ्याउँछ ।

बालसहभागिताको अभ्यास निगरानीकर्ताका रूपमा सहभागी गराएर पनि हुन सक्तछ । अहिलेसम्म सामान्यतः बालसहभागिताको अभ्यास गराइँदा पनि योजना तर्जुमा र कार्यान्वयनका चरणमा मात्र सहभागी गराएको देखिएको छ ।

## ५.६ मूल्यांकन प्रक्रियामा बालसहभागिता

बालबालिका कुनै पनि योजना वा कार्यक्रमको मूल्यांकन प्रक्रियामा सहभागी हुन सक्तछन् । बालबालिकासम्बन्धी योजना वा कार्यक्रमहरूको मूल्यांकनमा सहभागी हुने त उनीहरूको अधिकार नै हो । बालबालिकासम्बन्धी कार्यक्रमका सरोकारवालामध्ये उनीहरूको मूल्यांकन अझ बढी सही, सान्दर्भिक र उपयोगी हुन सक्तछ । मूल्यांकन प्रक्रियामा बालसहभागितालाई परियोजना वा कार्यक्रम तर्जुमाका अवस्थामा नै समावेश गर्नु उपयुक्त हुन्छ ।

## ५.७ औपचारिक संरचनाका अभ्यासहरूमा बालसहभागिता

स्थानीय निकायले आफ्नो योजना तर्जुमाका क्रममा हुने परिषद्हरूको बैठकमा आफ्नो क्षेत्रमा कार्यरत बालबालिकाका प्रतिनिधिलाई पनि संलग्न गराएर उनीहरूको सहभागितालाई संस्थागत रूप दिन सक्तछन् । यसैगरी स्थानीय स्तरमा गरिने सामाजिक सेवाको आपूर्तिको व्यवस्थापनमा पनि बालबालिका सहभागी हुन सक्तछन् । बालबालिका अन्तर्वैयक्तिक सञ्चारका प्रभावकारी माध्यम मानिन्छन् । जनस्वास्थ्यका विषयहरूमा चासो जगाउन र चेतना फैलाउने कार्यक्रमहरूको बालबालिकाले प्रभावकारी रूपमा कार्यान्वयन गरेको पाइएको छ ।

बालबालिकालाई क्षेत्रीय एवं राष्ट्रीय स्तरको नीति निर्माण वा योजना तर्जुमा प्रक्रियामा सहभागी गराउनु उत्तम अभ्यास हो । तर यसकालागि एक वा केही बालबालिकालाई सहभागी गराउनुभन्दा एउटा निश्चित प्रकृयाका आधारमा सबै क्षेत्रीका वा वर्गका बालबालिकालाई प्रतिनिधित्व गर्ने संरचनाको विकास गर्नुपर्दछ ।

## ५.८ निर्णायक भूमिका

सहभागिता भनेको निर्णय, कार्यान्वयन, र मूल्यांकन प्रक्रियामा सरोकारवालाको निर्णायक संलग्नता हो । सरोकारवालालाई सबै प्रक्रियामा संलग्न गराइए पनि उनीहरूको भूमिका निर्णायक नभएमा त्यो सहभागिता मानिदैन । बालबालिका नै मुख्य सरोकारवाला भएका विषयमा उनीहरूको भूमिका निर्णायक भएमा मात्र बालसहभागिता भन्न सकिन्छ । केही वर्षयता विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूले बालसहभागितालाई परियोजनाको एउटा क्रियाकलापका रूपमा समावेश गर्ने गरेको देखिएको छ । यसरी बालबालिकालाई साक्षी मात्र राख्ने कार्य बालसहभागिता होइन । यसैगरी बालबालिकालाई संलग्न गराइएका अधिकांश विकास योजना र कार्यक्रम वयस्कहरूको सरोकारको विषय हुने गरेको पाइन्छ । वयस्कहरूले आफ्ना कुराहरू बालबालिकाका नाममा भन्ने वा गर्ने गरेको पनि पाइन्छ । दायित्ववाला वयस्कहरूले पूरा गर्नुपर्ने कर्तव्यलाई अधिकारवाला बालबालिकाको काँधमा  बोकाउने कार्यले बालसहभागिता बढाउँदैन ।

बालसहभागिता एउटा प्रक्रिया हो भने साध्य पनि हो । यसैले बालसहभागिताका प्रक्रियामा उनीहरूको भूमिका निर्णायक हुनुपर्छ ।

## ५.९ पारिवारिक प्रोत्साहन

बालसहभागिता प्रवर्द्धन गर्नका लागि सबैभन्दा पहिले पारिवारिक वातावरण नै सकारात्मक हुनुपर्छ । परिवारमा हुने निर्णयमा बालबालिकालाई सहभागी गराउने र उनीहरूको धारणालाई सम्मान गर्ने गरिएमा सहभागिताको अभ्यास यथार्थमा सुरु हुन्छ । यसैगरी घरबाहिर समूह वा क्लबहरूमा बालसहभागिताको अभ्यासमा सहभागी हुने बालबालिकालाई पारिवारले प्रोत्साहित गरेमा पनि बालसहभागिताको अभ्यास बढ्न सक्तछ । बालबालिकालाई उमेरका आधारमा तिरस्कार गर्ने र उनीहरूको धारणालाई उपेक्षा गर्ने प्रवृत्तिको अन्त्य गरेर अभिभावकहरूले बालसहभागिताको बालअधिकार उपभोग गर्न सहयोग गर्न सक्तछन् ।

# ६
# बालसहभागिता प्रवर्धन : के गर्ने के नगर्ने

बालसहभागिताका अभ्यासहरू बालहितका आधारमा तय गर्नु आवश्यक देखिएको छ । यस क्षेत्रमा क्रियाशील संघसंस्थाहरूले बालसहभागिता प्रवर्धनका नाममा गर्ने गरेका कामकारबाहीहरूमा पनि बालहितलाई प्राथमिकता दिनुपर्छ । यसका लागि विधि र निषेधका केही बुँदाहरू तल प्रस्तुत गरिएका छन् । यी बुँदाहरू बालबालिकाको सर्वोत्तम हितलाई ध्यानमा राखेर निर्धारित गरिएका हुन् । विशेषगरी बालबालिका संस्था/क्लबहरूले, स्थानीय निकायले, सरकार र बालअधिकार प्रवर्धनमा क्रियाशील संघसंस्थाहरूले मध्ये कसले के गर्ने के नगर्ने भन्ने बुँदाहरू यस खण्डमा प्रस्तुत गरिएको छ ।

## ६.१ बालसहभागिताका लागि कसले के गर्ने

### ६.१.१ बालबालिकाका क्लब, सहयोगी संस्थाहरु र अन्य सबैले

- बालबालिकालाई आफ्ना धारणाहरू नहिचकिचाई राख्न अवसर र मञ्च दिनुपर्छ । उनीहरूलाई अभिव्यक्तिका लागि सहज परिवेश पनि बनाउनुपर्छ । अभिव्यक्तिको अवसर पाएका बेलामा असहज वातावरण भएमा कसैले पनि आफ्नो धारणा स्पष्ट रूपमा व्यक्त गर्न सक्तैन ।

- बालअधिकार विषयका र बालबालिकाले तयार गरेका सामग्रीहरूको प्रकाशन, प्रचारण र प्रचारप्रसारमा सहयोग पुऱ्याउनु पर्छ । बालसहभागितामा भएका गतिविधिको प्रचारप्रसारको व्यवस्था गरेर पनि बालसहभागिताको आवश्यकता र महत्वका बढाउन सकिन्छ ।

- बालसहभागिताको अभ्यास र प्रक्रियाका सम्बन्धमा अभिभावक र बालबालिकालाई सहभागी गराएर चेतना जगाउने कार्यक्रम सन्चालन गर्नु उपयुक्त हुन्छ । बालसहभागिता बालबालिकाको व्यक्तित्व विकासका लागि पनि सहयोगी अभ्यास भएको जानकारी दिएर बालबालिका र परिवार तथा समाजका अरु सदस्यका बीचमा समझदारी बढाउन सहयोग गर्नुपर्दछ ।

- बालसहभागिताको अभ्यास र प्रक्रियाका सम्बन्धमा अभिभावक र बालबालिकालाई सहभागी गराएर चेतना जगाउने कार्यक्रम सञ्चालन गर्ने/गराउने गर्नुपर्छ । बालबालिकाका सरोकारका विषयमा बालसहभागिता अनिवार्य गर्न पैरवीलगायतका अन्य दबाबमूलक र उत्प्रेरक कार्यहरू गर्नुपर्छ ।

- दस वर्षमुनिका बालबालिकाको सहभागिताका लागि अलग्गै प्रकारका कार्यक्रमहरूको व्यवस्था गर्ने । बालसहभागिता प्रवर्धनका अभ्यासहरूमा साना बालबालिका कतिपय अवस्थामा छाडिएका छन् । उनीहरूलाई किशोरावस्थाका बालबालिकासाग समान रूपमा सहभागी बनाउन कठिन हुन्छ । संयुक्त बैठक वा भेलाका कार्यक्रमबाहेक १० वर्षमुनिका बालबालिकालाई अलग्गै व्यवस्था मिलाएर सहभागी गराउनुपर्छ ।

### ६.१.२ बालबालिका क्लब र संघसंस्थाहरुले

- बालबालिका वा बालक्लबहरुले सकेसम्म आफ्नो क्षेत्रका सबै बालबालिकालाई सहभागी गराउनुपर्दछ । आफ्नो विद्यालय वा समुदायमा एउटा मात्र बालबालिकाको समुह भएका कारणले बालबालिकालाई संलग्न गराउन नसकिए अन्य समुहहरु गठन पहल गर्नुपर्दछ ।
- बालबालिका वा बालक्लबले आफुले बालक्लब वा समुहमा सहभागी हुदा आफ्नो पढाई र आफ्नो परिवारसंगको सम्बन्ध नबिग्रिने कुरामा उचित ध्यान दिनुपर्दछ । यसकालागि बालबालिका वा बालक्लबले बाल सहभागिता र यसबाट उनीहरुलाई पुग्ने फाईदाका बारेमा आफ्नो अभिभावक वा समुदायका अन्य व्यक्तिहरुलाई बुझाउने गर्नुपर्दछ ।

- बालक्लब वा बाल समुहले आफु संगठित भएर आफ्नो, समुदाय वा विद्यालयको विकास वा सुधारका लागि आवश्यक कामहरु वामहरु गर्न सक्दछन् । यस किसिमको काम गर्दा उनीहरुले वयस्क वा उनीहरुका सहयोगी संस्थाहरुको सहयोग लिन सक्दछन् ।
- बालक्लब वा बाल समुहले राज्यका संयन्त्रहरुले जस्तै लोकतान्त्रिक अभ्यासहरु गर्न सक्दछन् । तर बालबालिकाको समुह कम जटिल हुने भएकाले बालबालिकाले समुह सन्चालनकालागि आफै नियम र प्रक्रिया निर्धारण गर्न पनि सक्दछन् । यी नियमहरु बालबालिकाको सर्वोत्तम हित एंव सबै बालबालिकाको सहभागिताको समान अवसरबाट प्रेरित हुनुपर्दछ ।
- बालसहभागिता भए, गरिएका बालबालिकासम्बन्धी कार्यक्र निर्धारित कार्यतालिका अनुसार कार्यान्वयन गरेर बालसहभागिता निरर्थक र महत्वहीन अभ्यास होईन  भन्ने प्रमाणित गर्नुपर्दछ ।

### ६.१.३ स्थानीय निकायहरु, सरकारी निकायहरु र अन्य सहयोगी संस्थाहरुले

- बालबालिकालाई संगठित हुन र उनीहरूसाग सरोकार भएका विकास र शासनका गतिविधिका सबै चरणमा सहभागी हुन उत्प्रेरित गर्ने कार्यलाई सहयोग पुग्ने नीति निर्माण गर्नुपर्छ । सजिलो भएका अवस्थामा वा परियोजनाको एउटा कार्यक्रमका रूपमा मात्र बालसहभागिताको अभ्यास गराउने कार्य गर्नुको साटो स्पष्ट नीति तयार गरेर बालसहभागितालाई अनिवार्य प्रक्रियाका रूपमा स्थापित गर्नुपर्छ ।

- राष्ट्रिय नीति निर्माणमा बालसहभागिता प्रवर्धन गर्नका लागि सहयोगी संस्थाहरूले दोहोरो भूमिका खेल्नुपर्छ । उनीहरूले बालबालिकालाई त्यस्ता अभ्यास र प्रक्रियामा सहभागी हुन आवश्यक जानकारी दिएर र सक्षम बनाएर सहयोग गर्न सक्तछन् । यस्तै राष्ट्रिय नीति निर्माणमा संलग्न संस्थाहरूमा बालसहभागिताको महत्व बुझाएर र बालबालिकाका लागि त्यसमा सहभागी हुने अवसर तथा पहुच बनाएर सहयोग गर्नुपर्छ । बालबालिकाका सरोकारका विषयमा बालसहभागिता अनिवार्य गर्न पैरवीलगायतका अन्य दबाबमूलक र उत्प्रेरक कार्यहरू गर्नुपर्छ ।

- आफ्नो कार्य क्षेत्रका सबै बालबालिकालाई सहभागिताको अभ्यासमा सहभागी हुने समान अवसर दिनुपर्छ । कुनै संस्था विशेषले सञ्चालन गरेको परियोजनाको लक्षित समूहका बालबालिकालाई मात्र सहभागी गराउने गर्दा स्थानीय बालबालिकाका बीचमा भेदभाव हुन्छ ।

- बालसहभागिताको अभ्यास कुशलता पूर्वक गर्न सक्षम बालक्लबहरूलाई उनीहरूको कार्यक्षेत्र विस्तारमा सहयोग गरेमा अरू क्षेत्रमा पनि बालसहभागिताको प्रवर्धन हुने र बाल क्लबहरूका बीचमा प्रतिस्पर्धा हुन्छ ।

- बालसहभागिताको अभ्यासका लागि सहभागी बालबालिकाको क्षमता अभिबृद्धि एंव व्यक्तित्व विकास गर्ने प्रकारका कार्यक्रममा सहयोग गर्नुपर्दछ ।

- बालसहभागिता प्रवर्धन गर्न आवश्यक आर्थिक, भौतिक तथा जनशक्ति सहयोग तथा सल्लाह दिएर तथा संस्थागत र नीतिगत व्यवस्था गरेर बालसहभागिता बढाउन उत्प्रेरित गर्नुपर्छ । साथै बालअधिकारको अभ्यास र संरक्षणका योजना र कार्यक्रमलाई प्राथमिकता दिनुपर्दछ ।

- बालसहभागिताको अभ्यासलाई स्थानीय विकास र स्वायत्त शासनका कार्य सम्पादनका क्रममा अभिन्न प्रक्रियाका रूपमा समावेश गरेर प्रवर्धन गर्नुपर्छ । बालबालिकासाग सरोकार राख्ने क्रियाकलापमा बालसहभागिताको अभ्यास पनि अभिन्न अंगका रूपमा समावेश गर्नुपर्छ ।

- बालअधिकार विषयमा र बालबालिकाले तयार गरेका सामग्रीहरुको प्रकाशन, प्रसारण र प्रचारप्रसारमा सहयोग पुर्‍याउनुपर्छ । बालसहभागिताको अभ्यास र प्रक्रियाका सम्बन्धमा अभिभावक र बालबालिकालाई सहभागी गराएर चेतना जगाउने कार्यक्रम सन्चालन गर्ने गराउने गर्नुपर्दछ ।

- बालसहभागिताको अभ्यासका लागि आवश्यक सहयोगी जनशक्तिका साथै सहभागी बालबालिकाको क्षमता अभिवृद्धि गर्ने प्रकारका कार्यक्रममा सहयोग गनुपर्छ । बालसहभागिताको अभ्यासका क्रममा सहभागी बालबालिकाको तिका लागि पनि कार्यक्रमहरु सन्चालन गरिनुपर्दछ ।

- बालसहभागिताको अभ्यासका क्रममा सम्पादन गर्ने गतिविधिको नियमित अनुगमन गर्नुपर्छ । यसले सहभागी बालबालिकालाई प्रेरणा र उत्साह प्राप्त हुन्छ भने कमीकमजोरी सुधार गर्ने अवसर पनि प्राप्त हुन्छ । बालसहभागिताको अभ्यासका क्रममा सक्षम स्थापित बालक्लबहरूलाई प्रोत्साहित गर्नुका साथै कमजोर क्लबहरूलाई पनि समेटेर विकास गर्ने अवसर प्रदान गर्नुपर्छ । यसबाट पछाडि परेकाहरूमा पनि आत्मविश्वास जाग्छ ।

- बालबालिकाका निम्ति गरिएका कार्यक्रमको मूल्यांकनका क्रममा बालसहभागितालाई निर्णायक महइभ्व दिन अभ्यास गर्ने र यसलाई कार्य योजनामा पनि समावेश गरेर प्रक्रियाको मूल्यांकन प्रक्रियाको अभिन्न अंग बनाउनुपर्छ । यस्तै बालसहभागितामा भए/गरिएका बालबालिकासम्बन्धी कार्यक्रम निर्धारित कार्यतालिकाअनुसार कार्यान्वयन गरेर बालसहभागिता निरर्थक र महइभ्वहीन अभ्यास होइन भन्ने प्रमाणित गर्नुपर्छ ।

- आफ्नो कार्य क्षेत्रमा हुने स्थानीय निकायका स्रोतमा बालबालिकाको पहुाच बढाउन आवश्यक सहयोग गर्नुपर्छ । बालबालिकालाई उपलब्ध स्रोतको जानकारी दिने र त्यसमा पहुाच हुने विधि र अभ्यास सिक्ने कार्यमा सहयोग गर्नुपर्छ ।

- बालसहभागिताको अभ्यास बढाउन गरिने संगठन तथा अपनाइने विधि र प्रक्रियालाई सहयोग पुग्ने गरी जनशक्ति विकास, कार्यक्रम तर्जुमा र कार्यान्वयन, अभिलेखन, जनमत निर्माण तथा प्रचारप्रसार कार्यमा सहयोग पुऱ्याउने काम गर्नुपर्छ । बालसहभागिताका क्रममा प्रकट र प्रस्फुटित भएको नेतृत्व क्षमतालगायत बालप्रतिभाको विकासमा सहयोग गर्नुपर्छ । यसले बालसहभागिताको अभ्यासमा लाग्न र निरन्तरता दिन प्रेरित गर्छ ।

- बालबालिकालाई संगठित हुन र उनीहरूसंग सरोकार भएका विकास र शासनका गतिविधिका सबै चरणमा सहभागी हुन उत्प्रेरित गर्ने कार्यलाई सहयोग पुग्ने नीति निर्माण गर्नुपर्छ । बालसहभागिता प्रवर्धन गर्न आवश्यक आर्थिक, भौतिक तथा मानवीय सहयोग तथा सल्लाह दिएर बालबालिकालाई सहभागी हुन प्रेरित गर्नसकिन्छ ।

- बालसहभागिताको अभ्यासलाई आफ्ना कार्य सम्पादन गर्ने प्रक्रियाका रूपमा अभिन्न अंग बनाएर समावेश गर्न सक्तछन् । कम्तीमा बालबालिकासाग सरोकार राख्ने क्रियाकलापमा बालसहभागिता पनि अभिन्न अंगका रूपमा समावेश गर्नुपर्छ ।

- सहयोगी संस्थाहरूले बालसहभागिताको अभ्यास गरिरहेका स्थानीय बालबालिका संस्थाहरू र स्रोतसाधन भएका स्थानीय निकाय तथा विकास साझेदारहरूका बीचमा सम्पर्कको माध्यम बनेर बालसहभागिताको अभ्यासलाई सहयोग पुऱ्याउनुपर्छ । बालसहभागिताको अभ्यास गर्ने बालबालिकाका संस्थाहरू र बालसहभागिता प्रवर्धन गर्न गम्भीरतापूर्वक संलग्न अरू संस्था तथा निकायका बीचमा सञ्जाल निर्माणमा सहयोग गर्नुपर्छ ।

- बालसहभागिता बढाउनका लागि सहयोगी संस्थाहरूले आफ्ना कार्यक्रमहरूमा पनि बालबालिकालाई सरोकारवालाको मान्यता दिने गर्नुपर्छ । सहयोगी संस्थाहरूले बालसहभागिताको बाधा मानिएका क्षेत्रमा त्यस्तो बाधाअवरोध फुकाउने प्रकारका कार्यक्रम सञ्चालन गर्न प्राथमिकता दिनुपर्छ । बालसहभागितामा भएका गतिविधिको प्रचारप्रसारको व्यवस्था गरेर पनि बालसहभागिताको आवश्यकता र महइभ्व बढाउन सकिन्छ ।

- बालसहभागिताको अभ्यासका क्रममा देखापरेका कमीकमजोरी औल्याएर त्यसलाई सच्याउन सुधार गर्न सहयोग गर्नुपर्दछ ।

## ६.२.१ बालक्लबहरूले के नगर्ने

- बालबालिकालाई विभिन्न उद्देश्य र कार्यसूचि भएका संस्था वा व्यक्तिहरूले बालहितसाग सम्बन्ध नै नभएका विषयमा पनि परिचालन गराउने र त्यसलाई बालसहभागिताको नाम दिने गरिएका उदाहरणहरू देखिएका छन् । यो बालसहभागिता होइन । वयस्कहरूको कार्यसूचिमा बालबालिकालाई यसरी प्रयोग गरिंदा बालबालिकाको सर्वोत्तम हित बाल विकास र संरक्षणमा नकारात्मक प्रभाव पर्न सक्ने डर हुन्छ । कुनै पनि बहाना वा नाममा बालबालिकालाई कुनै पनि प्रकारको जोखिममा पार्नु बालअधिकारको उल्लंघन र अतिक्रमण हो । यसैले बालबालिकालाई राजनीतिक प्रयोजनका जुलुसहरूमा प्रयोग गर्नु हुदैन ।

- बालसहभागिताका नाममा बालबालिकालाई कुनै अभ्यास वा कार्यक्रममा खटाउने वा सरिक हुन आदेश दिने गर्नु हुदैन । सहभागिता आफ्नो निर्णयमा स्वेच्छिक रूपमा जुटाइनुपर्छ ।

- बालसहभागितालाई परियोजनाका रूपमा सञ्चालन गर्नु हुदैन । यो विधि र प्रक्रिया मात्र होइन साधन र साध्य पनि हो । यसैले पटके कार्यक्रम वा परियोजनाका रूपमा बालसहभागिताको अभ्यासलाई लिनु हुदैन ।

- बालबालिकालाई वयस्क दायित्ववालाहरूले आफ्नो कार्यसूचीमा परिचालन गर्ने गरेको पाइन्छ । बालसहभागिता भने बालबालिकाको कार्यसूची र निर्णयमा आधारित हुनुपर्छ । यसैले बालबालिकालाई वयस्कहरूले आफ्नो हित वा स्वार्थका निम्ति प्रयोग गर्नु वा हुन दिनुहुदैन ।

- बालसहभागिताको अभ्यासलाई वयस्क दायित्ववालाहरूले धेरैजसो आफ्नै कार्यसूचीमा समाहित गर्ने गरेका पाइन्छ । यसले बालबालिकालाई कुनै अभ्यासमा सरिक त गराउाछ तर सहभागिता हुदैन । अतः बालसहभागितालाई वयस्कहरूको आफ्नो कार्यसूचीअनुरूप समाहित र समायोजित गर्ने पनि गर्नु हुदैन ।

- बालसहभागिताको अभ्यास वा बाल प्रतिभाहरूलाई धेरै संस्थाहरूले प्रदर्शनको वस्तुका रूपमा प्रयोग गर्ने गरेको पाइन्छ । यस्तो प्रवृत्तिले उनीहरूलाई सहभागिताको अधिकारबाट वञ्चित गर्छ । बालसहभागितालाई आफ्नो कार्यक्रमको नियमित प्रक्रिया नबनाउनेहरूले बालसहभागिताका नाममा कार्यक्रम गर्नु सुहाउादैन । बालक्लबहरूले यस्तो प्रदर्शनको वस्तु बन्ने/बनाउने अवस्थाबाट जोगिनुपर्छ ।

- बालसहभागिता जुटाउनका लागि बालबालिकालाई उत्प्रेरित गर्दा वा बालसहभागिताको अभ्यासका क्रममा संलग्न हाादा पूरा नहुने आश्वासन दिने गर्नु हुदैन । यस्तो व्यवहारले सहभागी बालबालिकालाई निरास बनाउाछ ।

- बालसहभागिताका नाममा यदाकदा वयस्कहरूले आफूले नगर्ने वा गर्न असहज हुने काममा संलग्न गराउने गरेको पाइन्छ । यस्तो कार्यले सहभागी बालबालिकामा हीनताबोध हुन्छ । वयस्कहरूले आफूले नगर्ने वा गर्न नरुचाउने काममा बालबालिकालाई सहभागी गराउन वा हुन प्रेरित गर्नु हुदैन ।

- बालबालिकाका हितका लागि गर्ने/गरिने कुनै पनि काममा प्राप्त साधनस्रोतको हिनामिना वा दुरुपयोग गर्नु हुदैन । बालसहभागितामा भएका काममा पनि हिनामना वा दुरुपयोग भयो भने त्यसले बालसहभागिताको अभ्यासको औचित्यमा नै प्रश्न खडा गराउनेछ ।

- सहभागी बालबालिकालाई कुनै पनि आधारमा भेदभाव, तिरस्कार र बहिष्कार गर्नु हुदैन । उनीहरूले बालसहभागिताका अभ्यासमा वा बालअधिकारको उपभोगका क्रममा गरेका गल्ती वा त्रुटिका लागि बालबालिकाको चित्त दुख्ने गरी गाली गर्ने वा शारीरिक दण्ड दिने गर्नु हुदैन ।

- बालसहभागिताको अभ्यासका क्रममा बालबालिकाको शारीरिक, मानसिक र सामाजिक अवस्थाको बेवास्ता गर्नु हुदैन । कुनै पनि अवस्थामा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनुपर्छ भन्ने बिर्सनु हुदैन ।

- आफ्नो संस्था वा संगठनको सजिलोका लागि बालबालिकाको स्वतन्त्रता र अधिकार कुण्ठित हुने गरी उनीहरूमाथि नियमहरू थोपर्ने कार्य गर्नुहुदैन । सहभागिताका क्रममा नियमहरू बनाउनुपर्ने भएमा बालसहभागीहरूलाई नै नियम बनाउन दिनुपर्छ ।

- बालक्लबले सहभागी बालबालिकालाई राजनीतिक वा अरू कुनै कार्यसूचीमा प्रसार कार्यकर्ताका रूपमा प्रयोग गर्नुहुदैन । बालबालिकाको शारीरिक मानसिक आवस्थामा हानि हुने कुनै पनि कार्य उनीहरूबाट गराउनु हुदैन । बालबालिका जोखिममा पर्नसक्ने कुनै पनि काममा संलग्न वा सहभागी गराउनु हुदैन ।

- बालबालिकाको सरोकारका विषयमा बालसहभागिताबिना निर्णय गर्नु हुदैन । बालसहभागिताका नाममा आफ्नो सरोकारका विषयको निर्णयमा सहभागी हुने अरू बालबालिकाको अधिकार क्लबका सदस्यहरूले हनन गर्नु हुदैन ।

### ६.२.२ सहयोगी संस्था, स्थानीय निकाय र सरकारले गर्न नहुने कार्य

- बालसहभागिताका नाममा बालबालिकालाई कुनै अभ्यास वा कार्यक्रममा खटाउने वा सरिक हुन आदेश दिने गर्नु हुदैन । सहभागिता आफ्नो निर्णयमा स्वेच्छिक रूपमा हुने अभ्यासको भन्ने यथार्थ बिर्सनु हुदैन ।

- बालसहभागितालाई परियोजनाका रूपमा सञ्चालन गर्नुहुदैन । यो विधि र प्रक्रिया मात्र होइन साधन र साध्य पनि हो । यसैले पटके कार्यक्रम वा परियोजनाका रूपमा बालसहभागिताको अभ्यासलाई लिनु हुदैन ।

- बालबालिकालाई वयस्क दायित्ववालाहरूले आफ्नो कार्यसूचीमा परिचालन गर्ने गरेको पाइन्छ । बालसहभागिता उनीहरूकै कार्यसूची र निर्णयमा आधारित अभ्यास हो । यसैले बालबालिकालाई वयस्कहरूले आफ्नो हित वा स्वार्थका निम्ति प्रयोग गर्नु हुदैन ।

- बालसहभागिताको अभ्यासलाई वयस्क दायित्ववालाहरूले धेरैजसो आफ्नै कार्यसूचीमा समाहित गर्ने गरेका पाइन्छ । यसले बालबालिकालाई कुनै अभ्यासमा सरिक त गराउाछ तर सहभागिता हुदैन । अतः बालसहभागितालाई आफ्नो कार्यसूचीअनुरूप समाहित वा समायोजित गर्ने पनि गर्नु हुदैन ।

- बालसहभागिताको अभ्यास वा बालप्रतिभाहरूलाई धेरै संस्थाहरूले प्रदर्शनको वस्तुका रूपमा प्रयोग गर्ने गरेको पाइन्छ । बालसहभागितालाई आफ्नो कार्यक्रमको नियमित प्रक्रिया नबनाउनेहरूले बालसहभागिताका नाममा देखाउनका लागि मात्र कार्यक्रम गर्नु हुदैन ।

- बालसहभागिता जुटाउनका लागि बालबालिकालाई उत्प्रेरित गर्दा वा बालसहभागिताको अभ्यासका क्रममा संलग्न हादा उनीहरूलाई पूरा नहुने आश्वासन दिने गर्नु हुदैन । यस्तो व्यवहारले सहभागी बालबालिकामा निराशा उत्पन्न हुन्छ ।

- बालसहभागिताका नाममा यदाकदा वयस्कहरूले आफूले नगर्ने वा गर्न असहज हुने काममा संलग्न गराउने गरेको पाइन्छ । यस्तो कार्यले सहभागी बालबालिकामा हीनताबोध हुन्छ । वयस्कहरूले आफूले नगर्ने वा गर्न नरुचाउने काममा बालबालिकालाई सहभागी गराउन वा हुन प्रेरित गर्नु हुदैन ।

- सहभागी बालबालिकालाई कुनै पनि आधारमा भेदभाव, तिरस्कार र बहिष्कार गर्नु हुदैन । उनीहरूले बालसहभागिताका अभ्यासमा वा बालअधिकारको उपभोगका क्रममा गरेका गल्ती वा त्रुटिका लागि बालबालिकाको चित्त दुख्ने गरी गाली गर्ने वा शारीरिक दण्ड दिने गर्नु हुदैन ।

- बालसहभागिताको अभ्यासका क्रममा बालबालिकाको शारीरिक, मानसिक र सामाजिक अवस्थाको बेवास्ता गर्नुहुदैन । कुनै पनि अवस्थामा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनुपर्छ भन्ने बिर्सनु हुदैन ।

- आफ्नो संस्था वा संगठनको सजिलोका लागि बालबालिकाको स्वतन्त्रता र अधिकार कुण्ठित हुने गरी उनीहरूमाथि नियमहरू थोपर्ने कार्य गर्नुहुदैन । सहभागिताका क्रममा नियमहरू बनाउनुपर्ने भएमा बालसहभागीहरूलाई नै नियम बनाउन दिनुपर्छ ।

- बालबालिकालाई राजनीतिक स्वार्थ वा अरू कुनै कार्यसूचीमा प्रसार कार्यकर्ताका रूपमा प्रयोग गर्नु हुदैन । बालबालिकाको शारीरिक मानसिक आवस्थामा हानि हुने कुनै पनि कार्य उनीहरूबाट गराउनु हुदैन । बालबालिका जोखिममा पर्नसक्ने कुनै पनि काममा संलग्न वा सहभागी गराउनु हुदैन ।

- बालबालिकाको सरोकारका विषयमा बालसहभागिताबिना निर्णय गर्नु हुदैन । बालसहभागिताका नाममा आफ्नो सरोकारका विषयको निर्णयमा सहभागी हुने अरू बालबालिकाको अधिकार हनन गर्नु हुदैन ।

- बालबालिकालाई विभिन्न उद्देश्य र कार्यसूची भएका संस्था वा व्यक्तिहरूले बालहितसाग सम्बन्ध नै नभएका विषयमा पनि परिचालन गराउने र त्यसलाई बालसहभागिताको नाम दिने गरिएका उदाहरणहरू देखिएका छन् । यो बालसहभागिता होइन । वयस्कहरूको कार्यसूचीमा बालबालिकालाई यसरी प्रयोग गरिदा बालबालिकाको सर्वोत्तम हित बालविकास र संरक्षणमा नकारात्मक प्रभाव पर्न सक्ने डर हुन्छ । कुनै पनि बहाना वा नाममा बालबालिकालाई कुनै पनि प्रकारको जोखिममा पार्नु बालअधिकारको उल्लंघन र अतिक्रमण हो । यसैले बालबालिकालाई राजनीतिक प्रयोजनका जुलुसहरूमा प्रयोग गर्न र गर्न दिनु हुदैन ।

- आफ्नो कार्य क्षेत्र वा संस्थामा बालसरोकारका विषयहरु छन् भने तिनलाई बालबालिकाबाट लुकाएर राख्नुहुदैन । बालसहभागिता जुटाउनु पर्ला भनेर बालबालिकाको सरोकारारका विषय लुकाएर राख्दा बालसहभागिताको अभ्यासमा बाधा पर्दछ ।

# ७
# परिशिष्ट

## बालसहभागिताका केही उदाहरण

### १ . जिल्ला बालक्लब सञ्जाल बांके

जिल्ला बालक्लब सञ्जाल, बााकेको गठन २०६१ साल असार ५ गते भएको हो । यसको कार्य समितिमा ४६ जना सदस्य रहेका छन् । यस सञ्जालमा आबद्ध ३०० वटा बालक्लबमा करिब ८ हजार बालबालिका सहभागी छन् । बााके जिल्लाका ३० वटा गाउँ विकास समिति र एउटा नगरपालिकामा यसमा आबद्ध बालक्लबहरू रहेका छन् । गाउँ विकास समितिका वडा र नगरका टोलहरूलाई आधार मानेर गठन गरिएका यी बालक्लबमा ८ देखि १८ वर्ष उमेरका सबै बालबालिका सहभागी हुन्छन् । विद्यालय जाने र नजाने दुवै प्रकारका बालबालिका एउटै क्लबमा संगठित हुन्छन् । स्थानीय शिक्षकहरू, छिमेकका बालक्लबका सदस्यहरू र बाल सञ्चार सूचना केन्द्रको प्रेरणामा यी बालक्लबहरू गठन गरिएका छन् । नगर क्षेत्रमा भने बालश्रमिकहरू र दृष्टिहीन बालबालिकाका विषयगत बालक्लबहरू सञ्चालित छन् । बााके जिल्लाका बालक्लबहरूमा विभिन्न वर्ग, जाति र द्वन्द्वपीडित बालबालिका समावेश भए पनि उनीहरूका लागि एकै प्रकारका कार्यक्रमहरू सञ्चालन गरिन्छ । विशेषगरी बालअधिकारको चेतना जगाउने कार्यमा यी बालक्लबमा सहभागी बालबालिका संलग्न हुन्छन् । नगरक्षेत्रका निजी विद्यालयका बालबालिकाहरूमा बालक्लबका बारेमा जानकारी र रुचिको पनि अभाव छ । निजी विद्यालयमा पढ्ने बालबालिकाका अभिभावकहरूको अरुचिका कारण पनि त्यस्ता बालबालिका क्लबहरूमा सहभागी नभएका हुन् ।

बााकेका बालक्लबहरूमा अवधी भाषी समुदायका केटाहरू बढी सहभागी हुन्छन् भने पहाडी समुदायका केटीहरू बढी सहभागी हुने गरेका छन् । थारू समुदायमा भने अवधी र पहाडी जुन समुदाय नजिक छ त्यसैको प्रभाव परेको पाइन्छ ।

### सञ्जालको परियोजना : सूचना केन्द्र

जिल्ला बाल क्लब सञ्जालको कार्यक्रमका रूपमा प्लान नेपालको सहयोगमा बाल सूचना सञ्चार केन्द्र, २०६१ सालदेखि सञ्चालित छ ।

बाल सूचना सञ्चार केन्द्रमा आबद्ध बालक्लबका प्रतिनिधिहरूको भेलाले २ वर्षका लागि १३ सदस्यीय कार्यसमितिको चयन गर्दछ । बालअधिकारको प्रचारप्रसार र बालसहभागिता प्रवर्धनमा केन्द्रित कार्यक्रमहरू सञ्चालन गर्ने बाल सूचना सञ्चार केन्द्रले वागेश्वरी एफएम र रेडियो नेपालको क्षेत्रीय प्रसारण केन्द्रबाट रेडियो कार्यक्रम सञ्चालन गर्ने गरेको छ । केन्द्रबाट पत्रिकालगायत विभिन्न छापा सामग्री पनि प्रकाशन गरिएको छ । रेडियो कार्यक्रमको सामग्री चयन र प्रस्तुति बालबालिकाहरूले नै गर्छन् । कार्यक्रमका सामग्री मूलतः बालअधिकार र बालसंरक्षणमा केन्द्रित हुने गरेका छन् । रेडियो कार्यक्रम नेपाली र अवधी भाषामा सञ्चालन गरिन्छ ।

वार्षिक कार्यक्रमको तर्जुमा बालभेलाबाट गर्ने गरिन्छ । यस्ता बालभेलामा गाउँ विकास समितिहरूमा सञ्चालित बालक्लबका प्रतिनिधिहरू सहभागी हुन्छन् । बाल सूचना सञ्चार केन्द्रमा पहिले सहभागी भइसकेका बालबालिकाहरूका बीचमा सम्बन्धसूत्र कायमै राख्न २४ वटा युवामञ्चहरू पनि गठन गरिएका छन् ।

प्लान नेपालको कार्यक्रमका रूपमा सञ्चालित बाँकेका बालक्लबहरू परियोजनाका रूपमा रहेका देखिन्छन् । बाल सूचना सञ्चार केन्द्र हातेमालो सञ्जाल र कन्सोर्टियमको सदस्य पनि रहेको छ । ग्रामीण क्षेत्रमा संगठन विस्तार र समन्वयमा बाल सूचना सञ्चार केन्द्र केन्द्रित देखिन्छ ।

## २. मलहनुवा नमुना बालक्लब, मोरङ

बालसमाज, मोरङको सक्रियतामा २०६२ देखि सुरु भएको मलहनुवा नमुना बालक्लबमा १८ वर्षसम्मका बालबालिका सहभागी हुने गरेका छन् । विराटनगर उपमहानगरपालिका– १६ मा नेपाल स्वास्थ्यका लागि पानीको

आर्थिक तथा प्राविधिक सहयोगमा बालसमाज मोरङद्वारा सञ्चालित मलहनुवा खानेपानी तथा सरसफाइ आयोजना कार्यान्वयनका क्रममा गठन गरिएको नमुना बालक्लब, मलहनुवामा सहभागी बालबालिकाले भित्तेपत्रिका प्रकाशित गर्ने गरेका छन् । क्लबका सदस्यहरू विद्यालय नजाने बालबालिकाका अभिभावकलाई भेटेर छोराछोरीलाई विद्यालय पठाउन, साना बालबालिकालाई फुर्सदको समयमा पढाउने, बालअधिकारका बारेमा सिक्ने र सिकाउने कार्यमा संलग्न रहेका छन् ।

यस क्लबको कार्यसमितिको बैठकमा सल्लाहकारको उपस्थिति अनिवार्य गराइएको छ । प्रवेशिका उत्तीर्ण युवक सल्लाहकार छन् । स्थानीय शिक्षकहरू पनि बालक्लबको क्रियाकलाप निर्धारण गर्दा संलग्न हुन्छन् ।

क्लबको कार्यसमितिमा बालिका र अपांगहरूको पनि प्रतिनिधित्व छ । खानेपानी तथा सरसफाइ परियोजना सञ्चालन गर्ने क्रममा गठित बालक्लबको मुख्य उद्देश्य बालसहभागिताको अभ्यास भन्दा गाउँमा जनस्वास्थ्य चेतना जगाउन बालबालिकालाई परिचालन गर्नु रहेको देखिए पनि पत्रिका प्रकाशन र खेलकुदका कार्यक्रमहरूको तर्जुमा तथा कार्यान्वयनका क्रममा बालसहभागिताको अभ्यास भएको छ ।

## ३. स्टार बालक्लब, रानीबस्ती, विराटनगर उपमहानगरपालिका– २२

अन्तर्राष्ट्रिय श्रम संगठनको बालश्रम उन्मूलन परियोजना ( आइएलओ/आइपेक) को कार्यक्रम सुरु भएपछि रानीबस्तीका बालबालिकालाई संलग्न गराएर स्टार बालक्लब गठन गरिएको हो । बेलाबेलामा बालक्लबको बैठक गरेर सहभागिताको अभ्यास गर्ने गरिएको छ । विद्यालय नजाने र बालश्रमिकका रूपमा फोहोरबाट काम लाग्ने सामान संकलन गर्ने बालिकाहरू यसमा सहभागी छन् । यिनीहरूलाई जोखिमपूर्ण बालश्रमबाट हटाएर पढाइमा लगाउन यस प्रकारको क्लब खोलिएको त्यस कार्यमा संलग्न सुपरभाइजरले बताए । बालक्लबका सहभागीहरूले बलसहभागिता शब्द सुनेका भए पनि अर्थ बताउन सकेनन् । आमाहरूलाई परियोजनाबाट आय आर्जनको काम थाल्न पैसा दिइने भएकाले क्लबमा सामेल भएको सहभागी बालिकाहरूले जानकारी दिएका थिए ।

## ४. नयाँ बिहानी बालसमूह, फूलबारी– ८ गोपालगञ्ज, सिजनचोक, चितवन ।

नयाँ बिहानी बालसमूहको गठन २०५९ साल चैतमा भएको हो । यस बालसमूहको गठन सहभागी बालबालिका आफैंले गरेका हुन् । यस समूहले अरू गतिविधिका अतिरिक्त बालकोषको स्थापना गरेको छ । बालसमूहका सदस्यहरूले मासिक १० रुपैयाा जम्मा गरी बचत गर्ने गरेका छन् । समूहमा २३ जना सदस्य छन् र ९ जनाको कार्यसमिति रहेको छ । कोषमा संकलित रकम सदस्यका अभिभावकहरूलाई सापटी दिने गरिन्छ । त्यस्तो लगानीबाट प्राप्त हुने ब्याज सामाजिक सेवामा खर्च गर्ने गरिन्छ ।

बालसमूहले बालअधिकारको प्रचारप्रसारलगायत मनोरञ्जक र ज्ञानवर्धक कार्यक्रमहरू पनि आयोजना गरी बालबालिकालाई सहभागी गराउँदै आएको छ । यस्ता कार्यक्रममा समूहका सदस्य नरहेका बालबालिकालाई पनि सहभागी गराइन्छ ।

## ५. बालसुधार गृह, सानोठिमी

विभिन्न कारणले कानुनको सम्पर्कमा आएका बालबालिकाका लागि महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको सहायोगमा न्यूनतम सुविधाविहीन बालबालिका लागि शैक्षिक कार्यक्रम (युसेप) नेपालद्वारा सानोठिमीमा सञ्चालित बालसुधार गृहको सञ्चालनमा बालसहभागिताको पनि अभ्यास हुने गरेको छ । कानुनको सम्पर्कमा पुगेपछि स्वतन्त्रता अपहरण गरिएका बालबालिकाको आधारभूत बालअधिकारको रक्षा गर्ने क्रममा सुधार गृह व्यवस्थापनमा उनीहरूको सहभागिताको प्रबन्ध मिलाइएको हो । बालसुधार गृहको सञ्चालन २०५८ सालको असोज महिनाबाट भए पनि गृहको सञ्चालनमा बालसहभागिताको थालनी विधिवत् रूपमा २०६१ सालबाट मात्र भएको देखिन्छ । गृहका बालबालिकाको सहभागितालाई संरचनात्मक रूप दिन "बालबालिका आन्तरिक सुधार समिति, २०६२ गठन गरियो ।

**संरचनात्मक स्वरूप**

गृहका सबै बालबालिकाको सहभागितामा सबै कोठाका २/२ जना प्रतिनिधि र एक जना अर्का प्रतिनिधिसमेत गरेर १३ जनाको समिति गठन गरिन्छ । अहिलेसम्म यस समितिको ३ पटक पुनर्गठन भइसकेको छ । मूल समितिका सदस्यहरूको संयोजकत्वमा ५/५ सदस्य रहने निम्नअनुसारका विभिन्न उपसमितिहरू गठन गरिएका छन् ।

### उपसमितिहरू :

- पुस्तकालय व्यवस्थापन
- अतिरिक्त क्रियाकलाप
- सरसफाइ
- अनुशासन
- स्वास्थ्य
- भण्डार तथा खरिद

### कार्यसञ्चालन विधि

- उपसमितिका सदस्यहरूले नै आआफ्नो उपसमितिअन्तर्गतका क्रियाकलापहरू निर्धारण गर्दछन् ।
- कुनै उपसमिति वा त्यसको कुनै सदस्यले दायत्व पूरा नगरेमा कुनै पनि सदस्यले मूल समितिलाई सूचना दिन सक्तछ । त्यसरी सूचना आएमा मूल समितिको बैठक बोलाई समस्या समाधान गर्ने प्रयास गरिन्छ । बैठकको निर्णयको जानकारी गृहका वार्डेनलाई पनि दिने गरिन्छ ।
- गृहका बालबालिकाले बनाएको दैनिक कार्यतालिकामा कसैले बाधा उत्पन्न गरेमा वा पालना नगरेमा आर्थिक दण्ड गर्ने चलन छ ।

### बालसहभागितामा भएका कामहरू

- बालसुधार गृहको पुस्तकालय सञ्चालनको सबै दायित्व बालबालिकाले लिएका छन् । पुस्तकालयका लागि किन्नुपर्ने पुस्तकको सूची बनाउने, किन्न जाने, दर्ता गर्ने र पुस्तक दिनेलिने सबै काम उनीहरूले नै गर्दछन् । पुस्तकालय खोल्ने र बन्द गर्ने समयको निर्धारण पनि उपसमितिले नै गर्छ ।

- बालसुधार गृहको खाने पानीको व्यवस्थापन र सरसफाइमा पनि बालसहभागिता हुने गरेको छ । खाने ानी तान्ने र ट्यांकीमा चढाउने, शौचालयको सरसफाइ, वातावरणीय तथा आवासीय कक्षहरूको सरसफाइ पनि उनीहरूले आफ्नै निर्णयमा गर्ने गरेका छन् ।

- बालसुधार गृहमा सञ्चालन गरिने खेलकुद, साहित्यिक, सांस्कृतिक तथा अरू प्रकारका अतिरिक्त क्रियाकलापको आयोजना बालबालिकाले तयार गरेको कार्यतालिकाअनुसार हुन्छ । बालबालिकाले विभिन्न प्रतियोगिताहरू आयोजना गर्ने गरेका छन् ।

- भान्सामा चामल केलाउने जिम्मा बालबालिका आफैंले मागेर लिएका छन् ।

- दैनिक उपभोग्य वस्तुहरूको खरिद र भण्डारमा रहेका वस्तुहरूको वितरण गर्ने काम पनि बालबालिकाले नै गर्छन् ।

- गृहमा सञ्चालित औपचारिक शिक्षाका कक्षामा शिक्षकका रूपमा पनि २ जना बालक संलग्न छन् ।

सामान्यतः गृहभित्रै रहन बाध्य यी बालबालिकाका लागि सहभागिता अधिकारको रक्षाका साथै व्यस्त रहने उपाय पनि बनेको छ । बालसुधार गृहमा लामो समयदेखि बस्दै आएका र सहभागितात्मक क्रियाकलापको नेतृत्व लिएका बालकहरूका अनुसार यसले उनीहरूलाई सिर्जनशील र जीवनका प्रति सकारात्मक बनाएको छ । सहभागिताले आत्मविश्वास जगाएको छ र हीनताबोध कम गरेको छ ।

# छरछिमेकमा बालसहभागिता

## १. बाल पञ्चायत, महाराष्ट्र भारत

भारतको महाराष्ट्र राज्यको ओस्मानाबाद जिल्लाको तुलजापुर ब्लकमा अनौपचारिक कक्षाका विद्यार्थीहरूले सुरु गरेको बाल पञ्चायत बालसहभागिताको एक उदाहरण मानिन्छ । औपचारिक रूपमा सन् २००२ बाट थालिएको बाल पञ्चायत ५ वटा गाउँबाट ५५ वटा गाउँमा विस्तार भइसकेको छ । ती बाल पञ्चायतहरूमा अहिले ८–१५ वर्षका ५ हजार बालबालिका क्रियाशील छन् ।

सेभ दी चिल्ड्रेन, क्यानडाको सहयोगमा सञ्चालित परियोजनाअन्तर्गतको अनौपचारिक कक्षाका विद्यार्थीहरूले आफ्नो प्रयासमा गाउँमा सडकको बत्ती फेर्न सफल भएपछि बालबालिकाहरू आफ्नै प्रयासमा केही गर्न उत्साहित भए । यही क्रममा बालबालिकाको अग्रसरता र सहभागितामा बाल पञ्चायत गठन गरियो । बाल पञ्चायत सामुदायिक विकासमा बालबालिकाको संलग्नता र अगुवाइको उदाहरण हो । यसको संरचना पनि वयस्कहरूको संगठनजस्तै छ । बाल पञ्चायतमा वातावरण, शिक्षा, बाल श्रम, संस्कृति, सूचना तथा सञ्चार, स्वास्थ्य, पुस्तकालय आदि विभिन्न विषयगत ९ मन्त्रालय रहेका छन् र पञ्चायतका सदस्यहरू मन्त्रालयका मन्त्री कहलाइन्छन् ।

बालबालिकाले वयस्कहरूकै काम गरेर ँदायित्ववालाको भूमिका पूरा गर्ने बाल पञ्चायतमा बालबालिकाले वयस्क र दौंतरीहरूका बीचमा संवादको संस्कृति निर्माण गरेका छन् । बालबालिकाले बाल पञ्चायतका माध्यमबाट गरेको कामबाट प्रभावित भएर वयस्कहरूले बालबालिकाको राय सुन्न थालेका छन् । सेभ दी चिल्ड्रेन, क्यानडाको साझेदार गैरसरकारी संस्था पर्यायको कार्यक्षेत्रमा गरिएको वार्षिक समीक्षा बैठकमा बाल पञ्चायतहरू बालबालिकाका विषयमा नै बढी केन्द्रित हुनुपर्ने निर्णय गरिएको थियो । बाल पञ्चायतहरू गाउँका सामाजिक समस्याहरूमा बढी संलग्न हुन थालेपछि बालबालिकाका समस्या ओझेलमा परेकाले यस्तो निर्णय गर्नुपरेको थियो ।

## २. सर्व, श्रीलंका

श्रीलंकाको सर्व सन् १९९९ मा खोलिएको गैरसरकारी सामाजिक संस्था हो । विशेषगरी बालबालिकाका निम्ति काम गर्ने उद्देश्य राखेर गठन भएको सर्वले बालसहभागितामा पनि कार्यक्रमहरू सञ्चालन गरेको छ । बालसहभागितामा सञ्चालित सर्वको कार्यक्रममा विद्यालय सामाजिक कार्य परियोजना २००१ देखि थालिएको हो । यस परियोजनाअन्तर्गत विद्यालयहरूमा बालक्लबहरू बनाउने कार्यक्रम रहेको छ ।

यस परियोजनाअन्तर्गतका सामाजिक कार्यकर्ताले विद्यालयका विद्यार्थीहरूलाई उनीहरूको मनोसामाजिक समस्याहरू समाधान गर्न सहयोग गर्छन् । साथै विद्यार्थीका अभिभावक र शिक्षकहरूलाई पनि परियोजनाले सहयोग गर्ने गरेको छ । सर्वका कार्यक्रमहरूमा बालबालिकाका लागि स्रोत केन्द्र र अपांगता भएका बालबालिकाका लागि विशेष कार्यक्रमहरू पनि रहेका छन् ।

बालसहभागिता सञ्चालित कार्यक्रममा "लामुन" उल्लेखनीय रहेको छ । यस कार्यक्रममा बालबालिकाहरू पर्यटन क्षेत्रमा हुने बाल यौनशोषण र दुराचारविरुद्ध जनचेतना जगाउने काममा सहभागी हुन्छन् । सर्वको बालसहभागिताका कार्यक्रमहरू विद्यार्थीहरूका अतिरिक्त क्रियाकलाप पर्दछन् । विद्यालयबाहिर मनोरञ्जन र खेलकुदका लागि कार्यक्रम बनाउनु, समुदायका वृद्धवृद्धाहरूका लागि मनोरञ्जन, भेटघाटका कार्यक्रम बनाउनु उनीहरूको मुख्य कार्यक्षेत्र हो । बालअधिकार विशेष गरी शिक्षा र स्वास्थ्यको अधिकार उपभोग हुने अवस्था राज्यले नै सुनिश्चित गरेकाले श्रीलंकाका बालबालिकाले भारत, नेपाल वा बंगलादेशमा जस्तो विद्यालयभर्ना, खोपअभियान, कक्षाकोठा, बाटाको बत्तीजस्ता विषयमा चासो राख्नु पर्दैन ।

बालअधिकारको उपभोगलाई वयस्कहरूले आफ्नो कार्यसूचीकार्यसूची बनाएमा बालबालिकाले आफ्नो व्यक्तित्व विकास गर्न र बालापनमा रमाउन पाउने उदाहरण सर्वको अभ्यासले देखाएको छ ।

(द्रष्टव्य : बालसहभागिताका नाममा भएका विभिन्न यी अभ्यासहरू प्रवृत्तिगत प्रतिनिधित्वका लागि दिइएका हुन् । यिनलाई नमुनाका रूपमा प्रस्तुत गर्न वा प्रतिनिधि प्रवृत्तिका रूपमा हेर्न खोजिएको होइन ।)

बालबालिकाका क्लब वा समुह संचालनका सर्वमान्य एउटै नियमहरु छैनन् । बालबालिकाका क्लब वा समुह राज्य व्यवस्थाका अन्य संघसंस्था वा बैठकहरु जस्तै संचालन गर्न पनि सकिन्छ । यसो गर्दा बालबालिकाले राज्य व्यवस्थाका अन्य संघसंस्थाहरु जस्तैगरी संचालन गर्नुपर्दछ भन्ने चाहि होईन । बालबालिकाले आफुलाई सजिलो हुने गरी नियमहरु निर्धारण गर्न पनि सक्दछन् ।

**बालसहभागितासम्बन्धी बाल संस्थाको कार्यविधि**

**..................... संस्थाको बडापत्र, २०६..**

संस्थाको

नाम :

ठेगाना :

संस्था स्थापना भएको मिति :

संस्थाको मूल ध्येय :

..................

कार्यसमिति गठन भएको मिति :

कार्यसमिति गठनविधि : निर्वाचन, सहमति, तदर्थ समिति इ.)

कार्यसमितिका पदाधिकारीको नाम र ठेगाना आमाको नाम :

१.

२.

३.

हामी तल हस्ताक्षर गर्ने ... का पदाधिकारी एवं सदस्यहरू बालसहभागिताद्वारा बालअधिकार महासन्धिमा व्यवस्था भएअनुसारका बालअधिकारहरूको उपयोगका लागि र आफ्ना दौंतरी तथा वयस्कहरूलाई बालअधिकारप्रति सजग गराएर समाजमा बालअधिकारको सम्मान हुने वातावरण तयार गर्ने काममा सधैं समर्पित रहनेछौं ।

हामी बालअधिकारलगायत आधारभूत मानवअधिकारको सम्मान गर्ने संस्कृतिको प्रवर्द्धन गर्न प्रतिबद्ध छौं । बालअधिकारको सम्मान र रक्षा तथा बालसहभागिता प्रवर्द्धन गर्ने संकल्पसहित हस्ताक्षर गर्नेहरू

१

२

३

४

५

६

७

मिति २०६ .. साल ... महिना ... गते ... बार शुभम् ।

# संस्थाको गठन र कार्यसञ्चालन

**साधारण सदस्यता** : समुदाय वा विद्यालयका सबै इच्छुक बालबालिकाले थाहा पाउने गरी साधारण सदस्यता वितरण गरिनुपर्छ। सहमतिद्वारा तोकिएको आधार पूरा गर्ने सबै बालबालिकालाई बिनाभेदभाव सदस्यता दिनुपर्छ।

**कार्यसमिति गठन** : कार्यसमितिको गठन प्रत्यक्ष निर्वाचनबाट गरिनुपर्छ। निर्वाचनका लागि पहिलो पटक साधारण सदस्यहरूको भेलाले निर्वाचन अधिकृत नियुक्त गर्नुपर्छ । यस्तो अधिकृत निर्वाचनमा सहभागी नहुने बालबालिकामध्येबाट तोकिनु उपयुक्त हुन्छ । निर्वाचन गराउनका लागि भेलाले आवश्यक ठानेमा वयस्कहरूको सहयोग पनि लिन सकिन्छ।

**पदाधिकारीको संख्या र पदहरू** : एक जना अध्यक्ष र एक जना सचिवसहित साधारण सदस्यहरूको संख्याअनुसार ७ जनाभन्दा धेरैको कार्यसमिति गठन गर्न सकिन्छ । कार्यसमितिमा बालिका, दलित, अपांगता भएका बालबालिकाका लागि साधारण सदस्यताको अनुपातमा स्थान छुट्याउनुपर्छ । साधारण सदस्य थोरै भएका अवस्थामा बालिकाको संख्या एक तिहाइ नघट्ने गरी अरूका लागि कम्तीमा एक जना सदस्य रहने व्यवस्था गर्नुपर्छ। आवश्यक थप पद र संख्या संस्थाको साधारण सभाले निर्धारण गर्नेछ। एउटा कार्यसमितिले तोकिएको अवधि पूरा गर्नुभन्दा ६ महिनापहिले नै नयाँ समितिको निर्वाचन गर्नुपर्छ। कार्यसमितिको कुनै पदाधिकारी वा सदस्य वा सिंगो समितिका विरुद्ध साधारण सदस्यहरूको एक तिहाइ संख्याले अविश्वासको प्रस्ताव राख्न पाउने व्यवस्था गरिनुपर्छ । यस्तो प्रस्ताव साधारणसभाका सदस्यहरूको ६० प्रतिशतले समर्थन गरेमा पारित भएको मान्नुपर्छ।

**वार्षिक कार्यक्रम** : संस्थाको कार्य समितिले वार्षिक कार्यक्रम बनाई साधारणसभामा पेस गर्नुपर्छ। साधारणसभाको निर्णयलाई नै अन्तिम निर्णय मानिनेछ। वार्षिक कार्यक्रम तयार गर्दा बाल अधिकारको उपभोग र बालसहभागिता बढाउने किसिमका कार्यक्रमहरूलाई प्राथमिकता दिनुपर्नेछ।

**आम्दानी-खर्चको विवरण र लेखापरीक्षण** : संस्थाको आम्दानी र खर्चको विवरण स्पष्ट खुल्ने गरी लिखित हिसाबकिताब राख्नुपर्छ। यस्तो हिसाब साधारणसभामा पेस गरेर छलफल गराउनुपर्छ। साथै वर्षको एकपटक आम्दानी र खर्चको सबै विवरण खुलाएर जिल्ला बाल कल्याण समिति र सम्बन्धित स्थानीय गाउँ विकास समिति वा नगरपालिकाको वडामा पनि बुझाउनुपर्छ। साधारणसभाले अनुमोदन गरेपछि हिसाब र कार्यक्रमको विवरण स्थानीय पत्रपत्रिकामा छपाएर वा सार्वजनिक ठाउँमा सूचना टाँसेर पारदर्शी गराउनुपर्छ। आर्थिक रूपमा सक्षम संस्थाहरूले लेखापरीक्षण पनि गराउनुपर्छ। लेखापरीक्षण गराएमा त्यसको विवरण साधारणसभामा पेस गर्नुपर्छ। साथै लेखापरीक्षणको प्रतिवेदन सम्बन्धित जिल्ला बाल कल्याण समिति र गाउँ विकास समिति वा नगरपालिकाको वडामा पनि बुझाउनुपर्छ। कुनै संस्थाले सहयोग गरेको रहेछ भने सम्बन्धित संस्थाको आवश्यकताअनुसारको आम्दानी-खर्चको हिसाव र लेखापरीक्षण गर्नुपर्छ। त्यस्तो हिसाबको पनि माथि उल्लेख भएका ठाउँहरूमा विवरण दिनुपर्छ।

**कार्यविधि** : लोकतान्त्रिक विधि र प्रक्रियाविपरीत नहुने गरी कार्यसमितिले आर्थिक र कार्यालय सञ्चालन कार्यविधि बनाएर साधारणसभाद्वारा पारित गराई लागू गर्नुपर्छ।

## बैठकको कार्यविधि

- बैठकको सञ्चालन लोकतान्त्रिक विधि र प्रक्रियाद्वारा गर्नुपर्छ।
- अध्यक्षको सहमतिमा सचिवले बैठक बस्ने मिति, समय र ठाउँको सूचना सदस्यहरूलाई दिनुपर्छ। यस्तो सूचनामा बैठकमा
- छलफल गर्ने कार्यसूचीकार्यसूची पनि जानकारी गराउनु उपयुक्त हुन्छ।

- बैठक बोलाइएको समय भएपछि उपस्थित सदस्यहरूको बैठक पुस्तिकामा उपस्थिति गराउनुपर्छ ।

- बैठकमा गणपूरक संख्या पुगेको भए अध्यक्ष वा उसको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले अनुमति दिएपछि सचिवले बैठकको कार्यसूचीकार्यसूचीका बारेमा स्पष्ट जानकारी दिई निर्णयका लागि प्रस्तुत गर्नुपर्छ ।

- अध्यक्षले बैठकमा उपस्थित सबै सदस्यले आफ्नो धारणा व्यक्त गर्ने अवसर दिनुपर्छ ।

- सदस्यहरूले पनि पालैपालो आफ्नो धारणा व्यक्त गर्नुपर्छ । बैठकमा शिष्ट शब्दको प्रयोग गनुपर्छ । बैठकमा औपचारिक शैलीमा छलफल गर्ने बानी बसाल्नुपर्छ ।

- एक जना बोल्दाबोल्दै बीचैमा कुरा काटेर अर्काले बोल्न थाल्नु हुदैन । बैठकमा बोल्नुभन्दा अगाडि अध्यक्षको अनुमति लिने गर्नुपर्छ । अध्यक्षले पनि सबैलाई बोल्ने मौका दिनुपर्छ ।

- सबैले बोलिसकेपछि अध्यक्षले सबैको धारणाअनुसार निर्णय दिनुपर्छ । सदस्यहरूका बीचमा सहमति नभए बहुमतले गरेको निर्णयलाई अध्यक्षले बैठकको निर्णयका रूपमा घोषणा गर्नुपर्छ ।

- बहुमतको निर्णयमा अल्पमत पक्षले आफ्नो असहमति निर्णय पुस्तिकामा लेखाउन चाहेमा दिनुपर्छ । एउटै निर्णयमा असहमतिको बुादासमेत उल्लख गरी बैठक पुस्तिकामा निर्णय लेख्ने गर्नु उचित हुन्छ । कम्प्युटरमा टाइप गरेर तयार गरिएको निर्णय बैठक पुस्तिकामा टाँस्ने पनि चलन छ ।

- निर्णय लेख्दा

  अल्पमत र बहुमत भएमा

  ‘ ... विषयमा छलफल हुँदा .........

को ...... राय भए तापनि ..........................................................................................निर्णय गरियो ।' भनेर लेख्नुपर्छ ।

- सबैको राय एउटै भएमा

  ‘ ... विषयमा छलफल हुँदा ........ गर्ने निर्णय गरियो ।'

- बैठकको निर्णय अध्यक्ष र सचिवले प्रमाणित गर्ने चलन छ । निर्णयको बेहोरा सबैलाई जानकारी गराएर निर्णय पुस्तिकामा लेख्नुपर्छ । यसरी लेखिएको निर्णयको पुछारमा सही गरेर प्रमाणित गर्ने गरिन्छ ।
- निर्णय गरिएका विषयहरू सम्बन्धित सरोकारवालाहरूलाई सकेसम्म चाडै जानकारी दिनुपर्छ । यसैगरी सचिवले निर्णय गरिएका विषयहरूलाई कारबाहीको लागि आवश्यक पत्राचार गर्नुपर्छ ।
- अर्को बैठकमा अघिल्लो बैठकले गरेको निर्णयहरू कति कार्यान्वयन गरियो भन्ने जानकारी दिने चलन बसाउनु राम्रो हुन्छ ।

## साधारणसभा

- कार्य मितिको बैठकभन्दा साधारणसभामा धेरै सहभागी हुने भएकाले बैठक सञ्चालन गर्न बढी तयारी गर्नुपर्ने हुन्छ ।

- नियमित साधारणसभामा वर्षमा एकपटक वार्षिक कार्यक्रम र आम्दानी-खर्चको अनुमानित विवरण पेस गर्नुपर्छ । लेखापरीक्षण गरिएको भए साधारणसभामा त्यसको प्रतिवेदन पनि पेस गर्नुपर्छ । अर्को वर्षका लागि लेखापरीक्षकको नियुक्ति र उसको पारिश्रमिक तोक्ने काम पनि साधारणसभाबाट नै गर्ने गरिन्छ ।

- साधारणसभामा उद्घाटन र विसर्जन समारोह पनि आयोजना गर्ने चलन छ । ती समारोहहरूमा सदस्यबाहेक अरू पनि उपस्थित हुन सक्तछन् । उद्घाटन समारोह सकिएपछि साधारणसभाको औपचारिक कारबाही सुरु गर्नुपर्छ । साधारण सदस्य संख्या धेरै भएमा गणपूरक संख्या ५० प्रतिशतभन्दा कम पनि हुन सक्तछ । गणपूरक संख्या पुगेको भए सचिवले त्यसको घोषणा गर्नुपर्छ । अनि अध्यक्षले बैठक सञ्चालन गर्नुपर्छ ।

- बैठकमा सबैभन्दा पहिले कार्यसूचीकार्यसूची अनुमोदन गर्ने चलन छ । त्यसपछि अध्यक्षले सचिव र कोषाध्यक्षलाई पालैपालो गत वर्षको प्रगति प्रतिवेदन र चालू वर्षको कार्यक्रम तथा गत वर्षको आयव्यय विवरण तथा चालू वर्षको अनुमानित आयव्यय प्रस्तुत गर्ने अनुमति दिन्छ । लेखापरीक्षण प्रतिवेदन पनि कोषाध्यक्षले नै पेस गर्ने गर्दछन् ।

- दुवै प्रतिवेदनमा छलफल गरी सुधार र संशोधन गर्नुपर्ने भएमा सोसमेत गरी सभाको निर्णय अध्यक्षले सुनाउनुपर्छ ।

- साधारणसभाको निर्णय अध्यक्ष र साधारण सदस्यहरूमध्ये सभाले तोकेको एकजना सदस्यले प्रमाणित गर्ने पनि चलन छ । यस चलनले सभाको निर्णय बढी पारदर्शी र उत्तरदायी बनाउँछ ।

- साधारणसभाको निर्णय पनि सबै सरोकारवालाहरूलाई जानकारी गराउनुपर्छ ।  संस्थाको सर्वोच्च निकाय भएकाले साधारणसभाको निर्णयलाई कार्य समितिले बदल्न सक्तैन ।

**विशेष साधारणसभा**

- कार्यसमितिका पदाधिकारीविरुद्ध अविश्वासको प्रस्ताव राख्न वा विशेष कार्यक्रम पारित गर्न पर्ने अवस्थामा विशेष साधारणसभा बोलाउने गरिन्छ ।

- संस्थाका एक चौथाइ सदस्यले लिखित सूचना दिएमा सचिवले अध्यक्षसाग सल्लाह गरी सामान्यतया १५ दिनभित्र विशेष साधारणसभा बोलाउनुपर्छ ।

- अध्यक्ष वा सचिव वा अरू पदाधिकारीका विरुद्ध अविश्वासको प्रस्ताव राख्नका लागि सभा बोलाउने सूचना दिएका अवस्थामा पदाधिकारीहरूले साधारणसभा बोलाउन नमानेमा सदस्यहरूले सूचना दिएको १५ दिनपछि आफैं बैठक बोलाउन सक्तछन् । त्यस्तो बैठकमा कुल सदस्यको ५१ प्रतिशत सदस्य उपस्थित भएमा विशेष साधारणसभा सञ्चालन गर्न सकिन्छ । उपस्थित सदस्यको दुई तिहाइले अविश्वासको पक्षमा मत दिएमा त्यस्तो पदाधिकारी पदमुक्त हुन्छ । अविश्वासको प्रस्ताव राखिएका पदाधिकारी वा सदस्यहरूलाई आफ्नो सफाइको मौका दिनुपर्छ । विशेष साधारणसभाको निर्णयको पनि जानकारी सबै सरोकारवालालाई दिनुपर्छ ।

- विशेष साधारणसभामा अविश्वासको प्रस्ताव राखिएको अवस्थामा निर्णयमा पनि सबै सदस्यहरूले सही गर्नुपर्छ ।

- आम्दानी र खर्चको विवरण संस्थाको आम्दानी र खर्चको विवरण स्पष्ट र व्यवस्थित रूपमा राख्नुपर्छ । धेरै संस्थामा आम्दानी खर्चको विवरण राम्ररी नराखेका कारण रकम हिनामिना भएको शंका हुने गरेको पाइएको

छ । यसैले संस्थाको छवि बिग्रन नदिन पनि हिसाबकिताब राम्ररी राख्नुपर्छ । बालक्लबहरूका नाममा बैंकमा खाता सजिलैसँग खोल्ने व्यवस्था मिलाउन सकेमा संस्थाको आर्थिक विवरण पारदर्शी बनाउन सहयोग पुग्ने छ ।

- संस्थाका कुनै सदस्यले र मिलेसम्म कोषाध्यक्षले आम्दानी खर्चको हिसाब राख्ने सीप सिक्नु आवश्यक छ ।

- व्यवस्थित रूपमा लेखा राख्न नजाने पनि एउटा छुट्टै रजिस्टरमा संस्थालाई कुनै स्रोतबाट प्राप्त भएको आम्दानी र संस्थाका काममा भएको खर्चको विवरण सकेसम्म दिनहुं लेख्ने गर्नुपर्छ ।

- आम्दानी र खर्चको हिसाब राखेको रजिस्टर हेर्दा त्यस मितिसम्मको संस्थाको आर्थिक विवरण स्पष्ट देखिने हुनुपर्छ ।

- आम्दानीका हकमा कुन स्रोतबाट रकम प्राप्त भएको हो त्यसको विवरण पनि रजिस्टरमा खुलाई छुट्टै फाइलमा सुरक्षित राख्नुपर्छ ।

- खर्च भएको भए कसले खर्च गरेको हो र किन गरेको हो भन्ने विवरण खुलेको भौचर बनाएर बिलभर्पाइका साथ नत्थी गरेर फाइलमा राख्नुपर्छ ।

- आम्दानी र खर्चको विवरण लेखेको रजिस्टरमा कोषाध्यक्ष, अध्यक्ष र कर्मचारी भए निजले समेत प्रमाणित गर्ने गर्नुपर्छ । यस्तो विवरण हरेक बैठकमा सदस्यहरूलाई जानकारी गराउने र बैठकले अनुमोदन गरेपछि प्रमाणित गर्ने गर्नु उपयुक्त हुन्छ ।

- सकेसम्म साधारणसभाले पारित गरेको बजेटअनुसार मात्रै रकम खर्च गर्नुपर्छ ।

- कहिलेकाहीं साधारणसभाले पारित गरेको रकम तोकिएको शीर्षकमा अपुग भएमा संस्थाको कार्यसमितिले अर्को शीर्षकबाट रकमान्तर गरेर खर्च गर्न सक्तछ ।

- संस्थाको आम्दानी खर्च धेरै हुने भएमा त्यसका लागि लेखापाल राख्नु उपयुक्त हुन्छ ।

- काम विशेषका लागि संस्थालाई आकस्मिक रूपमा कुनै रकम प्राप्त हुने भएमा सो रकम लिंदा गरेको सहमतिअनुसार खर्च गर्नुपर्छ र हिसाबकिताबको विवरण पनि सोहीअनुसार राख्नुपर्छ ।

- संस्थाले साधारणसभाबाट कार्य सञ्चालनका लागि छुट्टै नियमहरू पनि बनाउन सक्तछ । हिसाब जसरी राखे पनि रकम हिनामिना नहुने र चाहेका बेलामा हिसाबकिताबको विवरण स्पष्ट देखिने बन्दोबस्त मिलाउनुपर्छ ।

## बजेट कसरी बनाउने ?

कुनै कामका लागि लाग्ने खर्च र त्यसमा हुने आम्दानीको विवरणलाई बजेट भन्ने गरिन्छ । धेरैजस्तो संस्थाको बजेट सामान्यतया एक वर्षका लागि बनाउने गरिन्छ । बालक्लबहरूले पनि एक वर्षको अनुमानित आम्दानी र खर्चको विवरण तयार गरी साधारणसभाबाट पारित गराउनुपर्छ ।

- बजेट बनाउँदा संस्थाको मुख्य उद्देश्य के हो भन्ने विषयमा विशेष ध्यान दिनुपर्छ । संस्थाको उद्देश्यसँग मिल्ने गरी कार्यक्रमहरू छनौट गरेपछि तिनका लागि आवश्यक रकमको विवरण दिनुपर्छ ।

- आफ्नो उद्देश्य, सिद्धान्त र मान्यतासँग मेल नखाने कार्यक्रम बनाउने र त्यसका लागि बजेट छुट्याउने गर्नु हुँदैन ।

- बजेट बनाउँदा आम्दानीको स्रोत स्पष्ट किटान गर्नु वेश हुन्छ । सामान्यतया साउन १ गतेदेखि सुरु भएर असार मसान्तमा समाप्त हुने नेपाली आर्थिक वर्षका लागि बजेट बनाउने गरिन्छ । केही संस्थाले दातृसंस्थाको आवश्यकताअनुसार आर्थिक वर्ष मान्ने गरेको पनि पाइन्छ । दातृसंस्थासँग मिलेर काम गर्ने संस्थाहरूले उनीहरूको आवश्यकताको पनि ख्याल राखिदिनुपर्छ ।

- बजेट बनाउनुभन्दा पहिले सम्भावित आर्थिक, प्राविधिक वा अन्य प्रकारको सहयोग पाइने स्रोतको किटान गर्नु आवश्यक हुन्छ । साधनस्रोत र गर्नुपर्ने कार्यक्रम हेरेपछि प्राथमिकताअनुसार कार्यक्रम तय गरी त्यसका लागि बजेट विनियोजन गर्नुपर्छ ।

- संस्थाको काम सञ्चालन गर्नका लागि आवश्यक साधनस्रोत सरकारी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, राष्ट्र संघका निकायहरू, स्थानीय निकायहरू, उद्योग वाणिज्य संघहरू, उद्योगी व्यापारी संस्थाहरू र सामान्य जनताबाट पनि जुटाउन सकिन्छ । संस्थाका सदस्यहरू र आवश्यक भए शुभेच्छुकहरूले सल्लाह गरेर यस्तो स्रोतको खोजी गर्न सकिन्छ । केही संस्थाले काम विशेषका लागि पटके सहयोग दिन सक्तछन् । यसको जानकारी पनि बजेट बनाउनभन्दा पहिले लिनुपर्छ ।

# चितवन कार्यशालाको कार्यक्रम र उपस्थितिको विवरण

## बालसहभागितासम्बन्धी बालकार्यशालाको कार्यतालिका

मिति : साउन १९–२०, २०६३ (अगस्ट, ४–५, २००६)
स्थान : सौराहा, चितवन, नेपाल
साउन १८, २०६३ साभ्रूसम्म सहभागीहरूको आगमन :
साउन १९, २०६३

बिहान : ८:१५– चिया नास्ता
बिहान : ९:००–९:१५ सहभागीहरूको नामदर्ता र परिचय
९:१५–९:३० कार्यशालाको उद्देश्यमा प्रकाश : दीपकराज सापकोटा, कार्यकारी निर्देशक, केन्द्रीय बाल कल्याण समिति
९:३०–९:४५ कार्यशालाको सञ्चालनविधि र प्रक्रियामा सहमति
९:४५–१०:३० बालसहभागिता निर्देशिकाको सामान्य खाका प्रस्तुति गोविन्द अधिकारी
१०:३०–१०:४५ चिया
१०:४५–१२:०० सहभागीहरूद्वारा आआफ्नो संस्थाको संगठन विधि र बालसहभागिताका क्षेत्रमा ले बालसहभागिता क्षेत्रमा गरेको कार्यविवरण प्रस्तुत

दिउँसो : १२:००–१२:३० समूह विभाजन, प्रतिवेदक समूह गठन, छलफल आरम्भ
१२:३०–१३:०० खाना
१३:००–१६:०० समूह छलफल
१६:००–१६:३० चिया
१६:३०– १७:०० भोलिपल्टको तयारी ।

साँझ १९:००–२०:०० रातिको खाना । विश्राम

साउन २०, २०६३

बिहान ८:१५–९:०० चियानास्ता
९:००–९:१५ अघिल्लो दिनको संक्षिप्त विवरण प्रस्तुत
९:१५– ९:४५ व्यक्तिगत धारणा लेखन ( बालसहभागिताको अर्थ, गर्न हुने र नहुने अभ्यासका विषयमा )
९:४५–१०:३० समूह छलफलको प्रतिवेदन प्रस्तुत र छलफल
१०:३०–११:०० बालसहभागिताको परिभाषा निर्माण
११:०० – ११:१५ चिया
११:४५ के गर्ने के नगर्ने ? विषयमा समुह छलफल
११:१५–१२:०० बालसहभागिता निर्देशिकामा सहभागीहरूको जिज्ञासा र सुझाव प्रस्तुत

दिउँसो : १२:००–१२:३० जिज्ञासा र सुझावका सम्बन्धमा छलफल
१२:३०–१४:०० खाना
१४:००–१५:०० छलफलको निष्कर्ष
१६:००– १६:३० चिया
१६:३०–१७:०० कार्यशालाको सहभागीद्वारा मूल्यांकन ।
साँझ १८:०० कार्यशाला समापनरातिको खाना । विश्राम

उपस्थितिको विवरण

| क.स. | नाम | संस्था |
|---|---|---|
| १. | सागर कार्की | नयां बिहानी बाल समुह, चितवन |

| | | |
|---|---|---|
| २. | विकेश श्रेष्ठ | कन्सर्न बाल भरिया, जनजागृति केन्द्र, कालिमाटी |
| ३. | लिला कोईराला | सरस्वती बालक्लब, चावहिल |
| ४. | जय बहादुर सुनार | सुख शान्ति बालक्लब, नेपालगन्ज |
| ५. | आशिष बर्मा | जिल्ला बालक्लब, मकवानपुर |
| ६. | रविन्द्र घिमिरे | मनकामना बालक्लब, मकवानपुर |
| ७. | दिपेन वि.क. | जिल्ला बालक्लब सञ्जाल, सुनसरी |
| ८. | सुधन गहतराज | बाल समुह जिल्ला समन्वय समिति, नवलपरासी |
| ९. | अन्जु शाक्य | स्पोनसरसीप कम्युनिकेशन, विराटनगर |
| १०. | गोमा विष्ट | सयपत्री बालक्लब, अमरदह, मोरङ. |
| ११. | गीता शाह | सृजनशील बालअधिकार, इनरुवा |
| १२. | गंगा रावल | प्रतिमा बालक्लब, वन कटुवा बांके |
| १३. | महालक्ष्मी राजभण्डारी | कन्या मन्दिर उ.मा.वि., न्हयौखा, क्षेत्रपाटी |
| १४. | दर्शन शाही | कन्या मन्दिर उ.मा.वि., न्हयौखा, क्षेत्रपाटी |
| १५. | निर्दिष्ठा सापकोटा | ग्यालेक्सी पब्लिक स्कुल, ज्ञानेश्वर |
| १६. | शुक्र ऋषि चौलागाई | जिल्ला बालसंरक्षण समिति, बांके |
| १७. | गोविन्द अधिकारी | केन्द्रीय बाल कल्याण समिति |
| १८. | दिपकराज सापकोटा | केन्द्रीय बाल कल्याण समित |

## सहभागी बालबालिकाद्वारा बालसहभागितासम्बन्धी कार्यशालाको मूल्यांकन

| | | |
|---|---|---|
| कार्यशालाको विषय | | |
| अतिउपयोगी | – | ९ |
| उपयोगी | – | ३ |
| अनुपयोगी | – | – |
| कार्यशाला सञ्चालन प्रक्रिया | | |
| उपयुक्त | – | ५ |
| ठीकै | – | ७ |
| अनुपयुक्त | – | – |
| कार्यशालाबाट लाभ | | |
| धेरै भयो | – | ११ |
| अलिअलि भयो | – | १ |
| भएन | – | – |
| कस्तो लाग्यो | | |
| सञ्चालन प्रक्रिया – ठीकै | २ | राम्रो – १० |
| आयोजनास्थल – ठीकै | २ | राम्रो – १० |
| आवास र भोजनको व्यवस्था | – | राम्रो – १२ |
| समग्रमा कार्यशाला कस्तो लाग्यो | | |
| राम्रो | ९ | |
| ठीकै | ३ | |
| नराम्रो | – | |

सुझावहरू

१. देशभरिको प्रतिनिधित्व भए राम्रो हुने थियो ।
२. कार्यक्रम १ दिन बढी भएको भए हुने थियो ।
३. कार्यक्रमस्थल बढी पायक पर्ने ठाउँमा हुनुपर्ने ।
४. कार्यक्रमको कार्यतालिकाबारे पहिले नै थाहा दिइनु पर्दथ्यो ।
५. सहभागीको संख्या कम भयो ।

# सन्दर्भ-सामग्रीसुची

क. अंग्रेजी


1. Periodic National Report (1997 – 2002), Ministry of Women, Children and Social Welfare, Singh Durbar, Kathmandu, Nepal.
2. Lena Karksson and Ravi Karkar, Working with men and boys, (2005), Save the Children Sweden-Denmark, Regional Programme for South and Central Asia, Lalitpur, Nepal.
3. Bal Panchayats in Maharastra, India (2006), Save the Children, Canada, Asia Regional Office, New Delhi, India.
4. So you want ot consult with children? (2003), International Save the Children Alliance, London, UK.
5. Act Now (2005), Save the Children Sweden Stockholm, Sweden.
6. Lena Karlsson and Ravi Karkara (et.al), (2003), Save the Children Sweden Regional Office for South and Central Asia, Bangladesh.
7. Naomi Alfini, Becky Marshall, Ravi Karkar, (2005), Save the Children Sweden, Regional Programme for South and Central Asia, Lalipur, Nepal.
8. So you want to involve children in research? (2004), Save the Children Sweden Stockholm, Sweden.
9. An Assessment of a National Experiment in Children's Democratic Development, (2002) Save the Children Norway and US, Nepal.
10. National Plan of Action for Children-Nepal, (2004), Ministry of Women and Social Welfare.
11. Rajan Poudyal, Children and Young People as citizen, Overview (2003) Save the Children Sweden, Regional Programme for South and Central Asia, Lalitpur, Nepal.
12. Claire O' Cane, Children and Young People as citizen, Volume 1, 2, and 3 (2003) Save the Children Sweden, Regional Programme for South and Central Asia, Lalitpur, Nepal.
13. Clare Feinstein and Claire O' Kane, Leson learnt from the spider tool-1 (2005), International Save the Children Alliance, London, UK.
14. Clare Feinstein and Claire O' Kane, The Spider Tool-2 (2005), International Save the Children Alliance, London, UK.
15. Clare Feinstein and Claire O' Kane, The Facilitators Guide to The Spider Tool (2005), International Save the Children Alliance, London, UK.
16. Neha Bhandari, Advocacy for Realising Child Rights, (2005), Save the Children Sweden, Regional Programme for South and Central Asia, Lalitpur, Nepal.
17. Childhood Under Threat (2005), The United Nations Children's Fund New York USA.
18. Excluded and Invisible (2006), The United Nations Children's Fund, New York USA.
19. The state of the world's children, (2004), The United Nations Children's Fund, New York USA.
20. Clare Feinstein, Ravi Karkara and Sophie (2004), Child Participation, International Save the Children Alliance, London, UK.
21. From the Strength to strength (2004), Save the Children South and Central Asia Region, Lalitpur, Nepal.
22. Child Rights Based Monitoring Review, (2004), Save the Children, Denmark.

**ख. नेपाली**


१. जिल्ला बालकल्याण समिति र बालसहभागिताको प्रवर्द्धन, (२०६२), नेपालका बालक्लबहरूसँग कार्यरत संस्थाहरूको साझा समूह (कन्सोर्टियम), ललितपुर, नेपाल ।

२. बालअधिकारको प्रवर्द्धनकर्ता एवं परिवर्तनका बाहकका रूपमा बालक्लबहरू (२००५), सेभ द चिल्ड्रेन नर्वे नेपाल, ललितपुर नेपाल ।

३. बालबालिकासम्बन्धी राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय कानुनी प्रावधानहरू (२०६१) केन्द्रीय बाल कल्याण समिति, ललितपुर, नेपाल ।

४. बालसंरक्षण समितिको भूमिका, (२०६१), सिविन–नेपाल, केन्द्रीय बाल कल्याण समिति र सेभ द चिल्ड्रेन नर्वे, ललितपुर नेपाल ।

५. संयुक्त राष्ट्र संघीय बालअधिकार समितिमा नेपालद्वारा प्रस्तुत गरिएको प्रारम्भिक र दोस्रो प्रतिवेदनमा समापन टिप्पणी, (२०६३) केन्द्रीय बाल क्लयाण समिति र सेभ द चिल्ड्रेन, नर्वे, ललितपुर नेपाल ।

६. सौरभकिरण श्रेष्ठ, बालसहभागिताको अधिकार, (२०६१), हातेमालो सञ्चार, कुपण्डोल, ललितपुर नेपाल ।